
# लेखापरीक्षण प्रतिवेदन
# रामेछाप
## २०७२।७३




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १ | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.२ | जिल्ला विकास समितिको कार्यालय | ६ |
| | ३.३ | जिल्ला स्वास्थ्य कार्यालय | २६ |
| | ३.४ | जिल्ला शिक्षा कार्यालय | ३२ |
| | ३.५ | स्थानीय विकास कोषको सचिवालय | ३७ |
| | ३.६ | आवास तथा शहरी विकास कार्यालय | ३८ |
| ४ | | आन्तरिक लेखापरीक्षण | ४० |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | | ४१ |
| अनुसूची २ : बेरुजूको स्थिति | | | ४२ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | | ४३ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | | ४४ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ६ कार्यालयको विस्तृत र २९ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु. ५ अर्ब १४ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची-१ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १९५ र रु २४ करोड ३९ लाख ६४ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म बेरुजु फछ्र्यौट हुने प्रमाण सहितको प्रतिक्रिया प्राप्त भएन। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका दफा २८ मिलान गरी बाँकी दफा १६७ कायम गरीएको छ। लेखापरीक्षणको क्रममा रु ५ लाख ८४ हजार असुल भएको छ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.४१ लाख ७० हजार, अनियमित रु.१२ करोड ९ लाख ७७ हजार र पेश्की रु. ११ करोड ८८ लाख १७ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची-२ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण तथा नियमको पालना :**

१.१ **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यबस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना नबनाएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नभएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नभएको, सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको आर्थिक कारोवारको अनुसूची १४ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, कार्यालयबाट भएका सम्पुर्ण कार्यहरुको प्राविधिक मुल्याङ्कन गर्दा निर्माण कार्यको कार्यक्रमको, नापी कितावमा भुक्तानी हूने रनिङ्ग बिलको रकम, कून भौचरवाट भुक्तानी भएको हो भौचर नं., संझौता रकम, सम्पन्न गर्नूपर्ने म्याद, नापी गरेको मिति र सम्पन्न भएको मिति नखुलाएको, ४ उप शीर्षकमा थप २०७२।३।२६ सम्म थप अख्तियारी प्राप्त भएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

१.२ स्वीकृत वार्षिक कार्यक्रम बमोजिम चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कार्यालयले उपलब्ध गराएको बिबरण अनुसार कुल खर्च रु २०,८४,१५,५३०/१९ मध्ये तेस्रो चौमासिकमा रु १६६२३२१८६.५९ खर्च भएको छ भने आषाढ महिनामा मात्र रु १,३२,७३९,४३७/-खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको प्रतिशत क्रमशः ७९ र ६३ प्रतिशत रहेको छ। स्विकृत कार्यक्रम अनुसार खर्च हुनुपर्दछ ।

१.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० तथा नियम २५ मा कार्यक्रमको प्रगति विवरण तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले तयार गरेको प्रगति विवरण अनुसार खानेपानी आयोजनाको भौतिक प्रगति लक्ष्यको तुलनमा १६ प्रतिशत सम्म मात्र भई प्रगती न्युन रहेको पाइयो । रामेछाप बृहत खानेपानी आयोजनाको बृहत सर्वेक्षण र वातावरणीय प्रभाव मूल्यांकनको काम मात्र भएको छ । राष्ट्रिय पुनर्निर्माण कोषको खर्च गर्ने अख्तियारी आर्थिक वर्षको अन्त्यमा प्राप्त भएकोले र मन्दरमैरे खानेपानी आयोजनाको स्थानीय विवादको कारणबाट खर्च हुन नसकि भौतिक प्रगति न्यून रहेको पाइयो । कार्यक्रम स्वीकृति तथा अख्तियारी प्राप्तिमा ढिलाइ हुँदा आर्थिक वर्षको प्रथम चौमासिकभित्र सम्पन्न गर्नुपर्ने लागत अनुमान स्वीकृति, ठेक्कापट्टा व्यवस्थापन, खरिद सम्झौता लगायतका सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु समयमा हुनसकेका छैनन् साथै पाइप खरिद पनि सोझै भएको पनि पाइयो । समयमै कार्यक्रम स्वीकृति, अख्तियारी प्राप्त गरी लक्ष्य बमोजिम प्रगति हासिल गर्न प्रभावकारीरुपमा कार्यक्रम कार्यान्वयन हुनु पर्छ ।

२. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१)(ख) मा कार्यालयले निर्माण कार्यको रकम भुक्तानी गर्दा ठेक्का विल नापी किताव, कार्यसम्पन्न भएको आधारमा भुक्तानी गनु पर्छ । कार्यालयले यसवर्ष पकरवास र भिरपानी सुख्खा खानेपानी आयोजनाको ३०० घन मिटर क्षमताको आर.सी.सी. पानी ट्यांकी निर्माण गर्न लागत अनुमान परिमाण सूची (BOQ) मा भएको भन्दा बढी परिमाणको विल बनाई बढी भुक्तानी गरेको रु. ३०,६२२/- असुल गर्नुपर्दछ ।

३. **नर्म्स भन्दा बढी भूक्तानी :** सार्वजनिक खरिद नियमावलीको नियम ९७(४) मा उपभोक्ता समितिलाई मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम कट्टा गरेर मात्र भूक्तानी दिनु पर्ने उल्लेख छ ।

सोही बमोजिम मूल्य अभिबृद्धि कर र ओभरहेड बाहेक जिल्ला दररेटको आधारमा उपभोक्ता समितिलाई भूक्तानी हुने गरी दररेट विश्लेषण तयार भएको पाइयो । तर उक्त दररेट भन्दा बढी दरले बिभिन्न आयोजनाको उपभोक्ता समितिलाई बिभिन्न निर्माण कार्यको रु. ५३,४०२/- भूक्तानी भएकोले असूल हुनु पर्दछ ।

४. **खरिद व्यवस्थापन :** यो वर्ष कार्यालय अन्तर्गत संचालित विभिन्न ४६ खानेपानी आयोजनाको लागि रु १०९९९३४७०० को एच.डि.पि पाइप र जि.आई तथा फिटिङ्गस रु १,३३,११,३४२।- को खरिद गरेको पाइयो । खरिद सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् :

४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (३) मा यो ऐन र यस ऐन अर्न्तगत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्प्रर्धा सीमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । खानेपानी तथा सरसफाई कार्यक्रमको लागि २०७२।६।३० मा प्रकाशित सूचना अनुसार पहिलो पटक ७१.२९० कि.मि. पाइप खरिद भएको छ । तत्पश्चात आर्थिक वर्षको अन्तमा बोलपत्रको आधारमा २ प्याकेजको २०७३।२।१० मा संभ्भौता गरी ९०२.७८ कि.मि.को पाइप र २०७३।३।१ मा शिलवन्दी दरभाउपत्रको आधारमा एक प्याकेजको १५.६६८ कि.मि. पाइप खरिद भएको पाइयो । एउटै प्याकेजमा पाइप खरिद नगरी थप वजेटबाट समेत पटक पटक गरी खरिद भएको छ । आर्थिक वर्षको शुरु खरिदमा ४ वटा बोलपत्र पेश भई विभागिय दररेट भन्दा ७ प्रतिशत घटी दरमा क्रिष्टल प्रोडक्ट प्रा.लि.संग पाइप खरिद भएकोमा सो पछिको ३ प्याकेजमा एक मात्र सप्लायर्स यति प्लाष्टिकको बोलपत्र पेश भई विभागिय दरको हाराहारीमा खरिद गरेको पाइयो । योजनाको लागि आवश्यक पाइप एकै पटकमा खरिद नगर्दा प्रतिस्पर्धा नभएको कारणले एकै साइजको पाइपमा बढी दरवाट खरिद भएको देखिन्छ । आर्थिक वर्षको शुरुमा खरिद भएको पाइपको दररेट र आ.व.को अन्त्यमा खरिद भएको पाइपको दररेट भिडान गर्दा एकै साइजको पाइपमा रु. ६,५६,७५२/२६ बढी दरबाट बढी मूल्य भूक्तानी भएकोले नेपाल सरकारलाई बढी व्ययभार पर्न गएको छ ।

४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ३ लाख भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्मबाट एकपटकमा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख छ । उक्त नियमको व्यवस्था विपरीत एउटै सप्लायर्स एन एण्ड के संग ३ पटकमा रु ३ लाख भन्दा बढी रकमको खरिद भएको छ । सोझै खरिद गर्दा मितव्ययी र समान गुणस्तरयूक्त नहुने भएकोले नियममा भएको व्यवस्था विपरीत सोझै खरिद गरेको रु.५,७९,२२१/- नियम सम्मत देखिएन ।

४.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालय प्रमुखले बजेटको सीमाभित्र रही निर्धारीत कार्यमा खर्च गर्नु पर्ने उल्लेख छ । छतिवने खानेपानी आयोजनाको बार्षिक कार्यक्रम अनुसार योजनाको लागि पाइप फिटिङ्गस खरिद गर्न रु ३२ लाख ९६ हजार बजेट व्यवस्था भएकोमा रु ५९,०५,३२९।- को पाइप खरिद गरेको पाइयो । बजेटमा तोकिएको भन्दा रु २६,०९,३२९।०० बढीको पाइप खरिद भएको छ । बजेट भन्दा बढी खर्च गरेकोमा कार्यक्रम संशोधन भएको छैन । नियममा भएको व्यवस्था अनुसार बजेटको सीमाभित्र रही खर्च गर्नु पर्नेमा बजेटको सीमाभन्दा बढी रु. २६,०९,३२९/- खर्च गरेको नियमित देखिएन ।

५. **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि संभ्भौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधि हुनुपर्ने उल्लेख छ । विभिन्न खानेपानी आयोजनाको

निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराएकोमा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने दायित्वको अवधिभन्दा घटी अवधिको रहेको पाइयो । निर्माण कार्यबाट हुने जोखिमको लागि कार्यसम्पादन जमानत राख्नु पर्ने भएकोले कार्यसम्पादन जमानतको म्याद नियममा व्यवस्था भए बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्छ । बिभिन्न निर्माण व्यवसायीले कार्यसम्पादन जमानत पेश गरेकोमा जमानतको अवधि त्रुटि सच्याउने दायित्व अवधि १२ महिना र थप एक महिना समेत १३ महिना भन्दा घटि भएको पाइएकोले जमानत रु. ४६,७०,१०७/- अवधि थप गरेको प्रमाण पेश हुनु पर्दछ ।

६. **बढी खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालय प्रमुखले बजेटको सीमाभित्र रही निर्धारीत कार्यमा खर्च गर्नु पर्ने उल्लेख छ । बार्षिक कार्यक्रमको आइटमवाइज कार्यमा तोकिएको वजेट भन्दा बढी  खर्च गरेको पाइयो । देविस्थान खानेपानी आयोजनाको कार्यक्रम अनुसार ट्रान्समिशन पाइप लाइन जडान गर्न रु १२ लाख २४ हजार वजेट व्यवस्था भएकोमा रु १७,४६,२२१।- खर्च भएकोले स्वीकृत वजेट भन्दा रु ५,२२,२२१।- बढी खर्च  नियमित देखिएन ।

७. **पाइप जडानः** योजना सम्पन्न गर्न आवश्यक पाइप साइटमा पठाएपछि माग फारामको आधारमा र साइटमा गएको पाइप जडान भएको पाइप खर्च लेखी बाँकी मौज्दात अवस्था देखिने अभिलेख साइट रजिस्टर अनिवार्य राख्नु पर्छ । कार्यालयले योजनागत पाइपको आम्दानी खर्चको रजिष्टार छुट्टा छुट्टै राखे तापनि साइटमा गएको पाइपको आम्दानी खर्च देखिने साइट रजिष्टार नराखेबाट स्टोरबाट खर्च लेखेको पाइप परीमाण र साइटमा गएको पाइप परीमाण भिडान गर्न सकिएन । स्टोरबाट योजनाको नाउँमा खर्च देखाएको पाइप योजनाको नापि भिडान गर्दा जडान भएको नदेखिएको पाइप कस्को जिम्मामा रहेको छ  सो को प्रमाण पेश भएन साथै जडान नभएको पाइप कार्यालयमा फिर्ता गरेको पनि पाइएन । माग फारामको आधारमा योजना खाताबाट खर्च लेखेको पाइप नापीमा जडान देखिएको पाइपसंग भिडान गर्दा जडान नभई साइटमा बाँकी मौज्दात देखिएकोले योजनामा प्रयोग नभएको पाइपको मूल्य रु.४,५२,७५१/- को  जडान भएको प्रमाण पेश हुनु पर्दछ ।

८. **असम्बन्धित आइटमः** खानेपानी तथा सरसफाई मंत्रालयको खर्च गर्ने अख्तियारी पत्रको बुँदा १३ मा आयोजनाको लागत अनुमानभित्र सवारी साधन समावेश गर्न नहुने उल्लेख छ । कार्यालयले आयोजनाको लागत अनुमान एवं वि.आ.क्यू.मा मोटरसाइकल समावेश गरी भूक्तानी गरेको पाइयो । निर्माण कार्यको लागत अनुमानमा सवारी साधन समावेश गर्दा दररेटमा पूर्ण प्रतिस्प्रर्धा नहुने भएकाले यस्तो सामान खरिद गर्दा रकम नं. २९४११ मा छुट्टै बजेट व्यवस्था गरी खरिद गर्नुपर्छ । मन्त्रालयको निर्देशन विपरीत वि.ओ. क्यू.मा मोटर साइकल समावेश गरी रु ७,४६,५१५।- भूक्तानी भएको कानूनसम्मत देखिएन ।

९. **खर्च शीर्षक फरक :** नेपाल सरकारको वजेट खर्च बर्गिकरण र व्याख्या अनुसार वाँडफाड गरिएको बजेट तोकिएको खर्च शिर्षकमा नै  लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पाले पहरा वसेका कर्मचारीहरुलाई विभिन्न मितिमा भत्ता भूक्तानी गर्दा खर्च शिर्षक नं २१११९  अन्य भत्ता बाट खर्च लेख्नुपर्नेमा खर्च शिर्षक नं २११११ तलव शिर्षकबाट रु.२२,७७५। खर्च लेखेको छ । उक्त खर्च नियम विपरीत लेखेको रकम रु. २२,७७५/- नियमित देखिदैन ।

१०. **रितपूर्वकको कर विजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु आपूर्ति गर्दा रितपूर्वकको ढाँचामा कर बीजक

दिनुपर्ने र आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्रअनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ। बिभिन्न भौचर र मितिवाट बिभिन्न फर्महरुले भ्याट नम्वर नभएको तथा नम्वर दोहोरिएको कर विजकवाट रु. ३,४०,३९९।- भुक्तानी लिएको पाईयो। रितपूर्वकको कर बिजक जारी नगरी मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएको रकमको मुल्य अभिबृद्धि कर रकम रु. ३,४०,३९९।११ को समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

११. **उपभोक्ता समितिबाट आपूर्ती** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्रही समुदायबाट निर्माण कार्य गराउँद वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परीयोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समीति मार्फत त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। छत्तिवने लिफ्ट खानेपानी आयोजनाको विद्युतीकरण सामान सप्लाईको काम छत्तिवने सुकाजोर खानेपानी उपभोत्ता समितिमार्फत गराई समितिलाई रु ५९९४७६६।०० भूक्तानी गरेको पाइयो। विद्युतीकरण सामान सप्लाई बापत सोझै सप्लायर्सलाई भूक्तानी गनुपर्नेमा समितिमार्फत सप्लाईको कार्य गराएको उचित देखिएन। साथै नियममा व्यवस्था भए अनुसार मितव्ययिता, रोजगारी सृजना हुने कार्य उपभोक्ता समिति मार्फत गराउनुपर्नेमा सो व्यवस्था विपरीत सप्लाईको कार्य गराएको पाइएकोले सो खर्च रु. ५९,९४,७६६/- नियमसम्मत देखिदैन।

१२. **पेश्की:** सार्वजनिक खरिद नियमावलीको नियम ११३(१) मा निर्माण व्यवसायीलाई बोलपत्र सम्वन्धि कागजात तथा खरिद संझौतामा व्यवस्था भए बमोजिम पेश्कि दिन सकिने उल्लेख छ। सोही व्यवस्था अनुसार वैंक जमानत लिई निम्न निर्माण व्यवसायिलाई मोविलाइजेशन पेश्की दिएकोमा फछ्र्यौट नभएकोले नियमको उपनियम (५) बमोजिम रु. ६२,२७,०००/- पेश्की फछ्र्यौट गर्नुपर्दछ।

१३. **स्थलगत निरीक्षण:** लेखापरीक्षण क्रममा २०७३।१०।१२, १३ मा लेखापरीक्षण टोली र खानेपानी तथा सरसफाई डिभिजनको इन्जिनियर समेतको संयूक्त टोलीबाट पकरवास र छतिवने लिफ्ट खानेपानी आयोजनाको स्थलगत निरीक्षण गरीयो। पकरवास आयोजनाको लागि यो वर्ष रु ३ करोड ९४ लाख ५१ हजार खर्च भएको र छतिवने खानेपानी आयोजनामा रु २ करोड ५८ लाख खर्च भएको छ। पकरवास आयोजना अन्तर्गत ५ वटा आर.सी.सी. ट्याङ्की र चौकीदार भवन निर्माण भएको छ। छतिवने खानेपानी आयोजना अन्तर्गत ४ बटा आर.सी.सी. ट्याङ्की र चौकीदार भवन निर्माण भएको छ। दुवै आयोजनाको उक्त निर्माण सम्पन्न संरचनाहरु व्यक्तिको निजि जग्गामा रहेको हुदा जग्गा उपभोक्ता समितिको स्वामित्वमा ल्याउनुपर्छ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आय-व्यय** : जिल्ला विकास समितिको आय-व्यय विवरणमा वर्तमान विकेन्द्रीत व्यवस्था अनुसार निक्षेपित कार्यक्रमको जिल्ला स्थित ३ वटा कार्यालयहरुलाई निकासा दिएको रु. ३९,८२,०१,६४०/३२ समावेश भएको छैन।

२. **मौज्दात आम्दानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) मा जिल्ला विकास समितिको आम्दानीको रकम आगामी आ.व.को लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयको श्रेस्ता अनुसार मौज्दात रु. ७,०७,५०,८२८।७९ देखिएकोमा बैक स्टेटमेन्ट अनुसार रु. ७,६६,२८,४६६.७५ मौज्दात पाइयो। श्रेस्तामा भन्दा बैकमा बढी मौज्दात देखिएको रु. ५८,७७,६३७.९६ मध्ये भुक्तानी भै नसकेको (२०७३/०४/१० सम्म) चेकको रकम रु. ३०६८५७०।-

कर दाखिला नभएको रु. २२०।- समेत रु. ३०,६८,७९०।- कटाई बाँकी रु. २८,०८,८४७.९६ को श्रेस्तामा आम्दानी बाँधेको पाइएन । अतः श्रेस्तामा आम्दानी नबाँधेको रु. २८,०८,८४७.९६ एकिन गरी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ ।

३. **आन्तरिक आम्दानी:** जिल्ला विकास समितिको कार्यालय रामेछापले यो वर्षमा आन्तरिक आय , कर दस्तुर, सेवा शुल्क र भाडा लगायतबाट रु.५३,४५,५६१।४७ र राजश्व बांडफांड वाट रु. ५१,५५,४९६.७० समेत गरी रु. १,०५,०१,०५८।४४ आन्तरिक आम्दानी भएको छ । उक्त आय सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

३.१. जिल्ला विकास समितिको कार्यालयको राजश्व परामर्श समितिको २०७१/११/१३ को बैठकबाट श्रोत उपयोग कर लगायत एकमुष्ट निकासी शुल्क वापत रु.२० लाख ठेक्का अंक निर्धारण गरी ३० दिने सूचना दुई पटक प्रकाशन गर्दा समेत ठेक्का नलागेपछि तेश्रो पटक २०७२/११/१२ मा रु.२१ लाख न्यूनतम कबोल अंक कायम गरी ७ दिने सूचना प्रकाशन गरेकोमा तेस्रो पटक पनि ठेक्का नलागेको कारणबाट कार्यालयले ४ वटा नाकामा ५ जना कर्मचारी खटाई अमानतबाट रु. १७,०९७६०.६५ कर संकलन गरेको र कर संकलनमा रु. २,४८,१५०।- खाना तथा यातायातमा खर्च गरी खुद रु. १४६१६१०.६५ श्रोत उपयोग कर असुल गरेको देखिन्छ । ठेक्का नलागेबाट सूचनामा प्रकाशन गरिएको न्यूनतम कवोल अंक रु. २३,७३,०००।- (मुअकर समेत) भन्दा कार्यालयले अमानतबाट उठाएको खुद रकम रु. ९,११,३८९.३५ घटी असुल भएको देखिएकोले आगामी दिनमा समयमै ठेक्का व्यवस्थापन गरी राजस्व बढोत्तरी गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२. ढुङ्गा गिट्टी वालुवा को न्युनतम अंक निर्धारण गर्दा प्रारम्भिक वातावरणीय मुल्याङ्कन प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी निकाल्न नपाउने गरी नियन्त्रणको व्यवस्था गरी प्रारम्भिक वातावरणीय मुल्याङ्कनले तोकेको परिमाण र जिल्ला परिषदले तोकेको दरको आधारमा न्युनतम ठेक अंक कायम गरी ठेक्का व्यवस्था हुनुपर्दछ । कार्यालयले यस बर्ष अमानतबाट नदीजन्य पदार्थ ढुङ्गा गिट्टी, बालुवा निकासी कर संकलन गरेको ५ खोलाको बिभिन्न २९ स्थानको प्रारम्भिक वातावरणीय मुल्याङ्कन गराई २०७२।७।२४ गते कार्यालयमा प्रतिवेदन पेश भएको छ । प्रारम्भिक वातावरणीय मुल्याङ्कनमा प्रतिदिन २५० घ.मि. तथा अधिकतम २६०३५० घ.मि. उत्खनन गर्न सकिने उल्लेख छ । कार्यालयले सम्बन्धित स्थानमा परिमाण नियन्त्रण व्यवस्था नगरेका कारण प्रतिदिन २५० घ.मि. निकासी हुंदा अधिकतम ६,७५,००० घ.मि. उत्खखन भई आगामी २ बर्षमा ४,१४,६५० घ.मी. बढी उत्खनन तथा निकासी हुन सक्ने र यसबाट आगामी २ बर्षमा प्रति घन मिटर रु. ७०।५६ ले रु.२,९२,५७,७०४/- को राजस्व गुम्न सक्ने साथै प्राकृतिक सम्पदानको दोहन हुनसक्ने देखिएकाले प्रारम्भिक वातावरणीय मुल्यांकन प्रतिवेदनमा भएको त्रुटी समेत सच्याउने र परिमाण नियन्त्रणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

३.३. मुल्य अभिवृद्धि कर ऐन,२०५२ अनुसार कर लाग्ने वस्तु वा सेवामा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था वमोजिम जिल्ला विकास समितिले ढुगा गिट्टी, बालुवाको अमानतबाट संकलित श्रोत उपयोग कर रकम रु. १७,०९,७६०।— मा अन्तर्निहित मु.अ.कर रु. १,९६,६९८।— जिल्ला विकास समितिको कार्यालयले दाखिला नगरेकोले उक्त कर दाखिला हुनुपर्दछ ।

३.४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १७२(१) अनुसार स्थानीय नियकाले वक्यौता रकम असुल गर्न वक्यौता असुली कार्य योजना बनाई रकम असुलउपर गर्नु पर्ने व्यवस्था भएकोमा लेखापरीक्षणको क्रममा बक्यौताको विवरण माग गरेकोमा पेश भएन ।

३.५. कार्यालयले जिल्ला निकासी कर संकलनका लागि विभिन्न ३ नाकामा ४ कर्मचारीलाई अमानतबाट कर संकलनको जिम्मा दिई रु.१७,०९,७६०।– कर संकलन गरेकोमा खाजा तथा यातायात बापत रु.२,४८,१५०।- खर्च लेखेको छ। कर संकलन खर्च राजश्वको तुलनामा १४.५१ देखिएकोले यसलाई सीमामा राख्ने र करको मितव्ययिताको सिद्धान्तलाई समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

३.६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४१(१) मा प्रचलित कानून वमोजिम प्राप्त हुने रकम आम्दनी रसिद काटी वुझि लिनु पर्ने र त्यस्तो नगद प्राप्त भएको भोलीपल्ट बैक दाखिला गर्नु पर्ने उल्लेख छ। यस वर्षको आम्दानी रु. १,१२,८८,५७६।– मध्ये रु. ७२,२५,४१७।– को नगदी/आम्दानी रसिद काटेको देखिएन। सबै आम्दानीको नगदी रसिद काटी आम्दानी हुने व्यवस्था गरी आन्तरिक आयको रु. ७२,२५,४१७.२९ को समायोजन हिसाब पेश हुनु पर्दछ।

४. **राजश्व बाँडफाँड** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ मा राजश्वको बाँडफांड गर्नुपर्ने अन्तरगत मालपोत कार्यालय, रामेछापको २०७२/१०/१२ को पत्रबाट २०७२ आषाढसम्मको रु. २,२०,२००।– र २०७३ जेष्ठ मसान्तसम्मको समेत रु. ५१,५५,४९६।- प्राप्त गरेकोमा रजिष्ट्रेशन दस्तुरको कुल असुली वेगर जिल्ला विकास समितिले पाउने रकम भनी सम्बन्धित कार्यालयबाट पठाएको आधारमा बैङ्क स्टेटमेन्ट अनुसार आम्दानी बाँधेकोमा कानुनको परिपालना भएको देखिएन। साथै राजस्व बांडफांडको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने हुंदा उक्त कट्टी गरेको भूमि सुदृढिकरणको रकम पुंजीगत कार्यमा खर्च भएको पुष्टी हुने कार्य योजना परिषद्बाट स्वीकृत गराई पेश हुनु पर्दछ।

५. **पेश्की जिम्मेवारी :-** स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुने बांकी रहेको पेश्की रकमको नामनामेसी सहित के, वापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी जिम्मेवारी पेश्की रकम यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालयबाट पेश भएको विवरण अनुसार जिल्ला विकास समिति तर्फ गत वर्षको पेश्की जिम्मेवारी रु. १६,४०,५३,२७८।८० रहेको छ। पेश्की न्यूनिकरण हुनुपर्दछ ।

६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बाँकी रहेको जिल्ला विकास समिति कोष अन्तर्गत उर्जा तर्फको पेश्की रु. २०,०००।- फछेर्यौट हुन बाँकी देखिएको छ। उक्त पेश्की रकम फछ्र्यौट हुनुपर्दछ।

७. **बजेट तथा खर्च व्यबस्थापन -** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था भएतापनि २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बांडफांड नगरी एकमुष्ठ रुपमा रु. ३२ करोड ४५ लाख ११ हजार बजेट व्यवस्था गरेको देखियो। नियममा तोकिए बमोजिम आयोजनागत बजेट बांडफांड गरिनुपर्दछ।

७.१. **अख्तियारी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३२(२) अनुसार बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिनभित्र पठाउनु पर्ने व्यवस्था भएतापनि केन्द्रीय बजेटतर्फको आर्थिक वर्षको अन्त्यमा रु.४३ लाख ९० हजार अख्तियारी पठाएकोले तालुक निकायले नियमको पालना गरेको देखिएन ।

८. **आन्तरिक नियन्त्रण -** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना तथा खरिद गुरु योजना नबनाएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नभएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार नगरेको र द्वन्द्वकालमा क्षति पुगेको डोजर थान-१ लगायतका सामान लिलाम नगरेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, मूल्य नखुलेको सामानको मूल्य नखुलाएको र ७ दिन भित्र जिन्सी आम्दानी नबाँधेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ ।

- कार्यालयले निर्माण सामग्री तथा तार जाली, जस्तापाता जस्ता सामग्रीको अत्याधिक मौज्दात राखेको देखियो । गत बर्षको शुरु मौज्दात रु. ६९ लाख ८८ हजार भएकोमा यस बर्ष २ करोड ५५ लाख ८६ हजार खरिद गरेकोमा रु. २ करोड २ लाख ५४ हजारको मात्र वितरण गरी रु. १ करोड ९३ लाख ०८ लाख मौज्दात राख्नाले गत बर्ष भन्दा यो बर्षको अन्त्यमा रु. १ करोड २३ लाख २० हजारको मौज्दात वृद्धी (१७६.३० %) भएको छ । आवश्यकता बेगर बजेट फ्रिज नगर्ने उद्देश्यले मात्र खरिद गरी उपयोग बेगर भण्डारण गर्दा सामग्रीको गुणस्तरमा समेत ह्रास आउने देखिन्छ ।

- ठेक्का व्यवस्था गरेका ४७ योजना मध्ये १ योजना संचालन नभएको र ३ क्रमागत भएको र अन्य सम्पन्न भएको पाइयो । बिभिन्न १२ ठेक्कामा सम्झौतामा तोकिएको समयमा कार्यसम्पन्न नगरी ८ वटाको ५० प्रतिशत सम्म र ४ वटाको १०० प्रतिशत भन्दा बढी म्याद थप भएको देखियो । रु. १० लाख भन्दा माथिका २३ वटा योजना बिगतदेखि अधुरो रहेको पाइयो ।

- मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी चौमासिक तथा बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो र आन्तरिक लेखापरीक्षण शाखाले बेरुजूको लगत राख्ने, अनुगमन गर्ने, सम्परीक्षण गर्ने र असूलको लागि ताकेता गर्ने जस्ता कार्यहरुको देखिएन ।

- जिल्ला विकास समितिबाट संचालित रु ६० लाखसम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०५ अनुसार कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको देखिएन ।

- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था भएता पनि परिषदबाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी परिषदले पारित नगरेका २३ वटा योजनामा रु. ७७ लाख २६ हजार खर्च गरेको छ । एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बांडफांड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

९. **हस्तान्तरण:** कार्यालयले संचालन गरेका ३१८ आयोजनामध्ये १३ वटा हस्तान्तरण नभएको जनाएको छ। साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट निर्माण भएका १९ वटा अस्थायी गाउँ विकास समिति भवन समेत हस्तान्तरण नभएका कारण प्रयोगमा आउन नसकेको लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ । योजना तोकिए बमोजिम हस्तान्तरण गरी लक्षित उद्धेश्य प्राप्त गर्नुपर्ने देखिन्छ ।

१०. **करारमा नियुक्ती -** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद १ वर्षसम्म पदपूर्ति नभएमा स्वत: खारेज हुने व्यवस्था छ। कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको ६ पदमा करारमा नियुक्ति गरी तलब भत्तामा रु. १३,४७,८५०।- खर्च गरेको छ। नियमको व्यवस्था अनुसार रिक्त पदमा नियुक्ति वा बढुवाद्वारा पूर्ति गर्नुपर्दछ।

११. **लक्ष्य प्रगति -** चौमासिक रुपमा वार्षिक कायंक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ। कार्यालयले पेश गरेको २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार ३१८ कार्यक्रम तथा योजनाहरुमध्ये यो वर्ष शुन्य, २५, ५० र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरुको संख्या क्रमश: १४, ४, १८ र १९ रहेको छ। प्रगती अधिक गर्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ।

१२. **चौमासिक खर्च स्थिति -** चौमासिक रुपमा वार्षिक कायंक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कुल पूंजीगत खर्च रु.६५ करोड ८७ लाख ९५ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.५ करोड ५९ लाख ८२ हजार (८.४९%), दोस्रो चौमासिकमा रु.५ करोड ४१ लाख १७ हजार (८.२१%) र तेस्रो चौमासिकमा रु.५४ करोड ८६ लाख ९६ हजार (८३.२८%) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.३२ करोड ८ लाख ३२ हजार (४८.७०%) खर्च गरेको पाइयो। तोकिएको कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ।

१३. **ठेक्का प्रतिष्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ङ मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्रेषित बोलपत्र बिवरण अनुसार ४८ योजनाको लागि ८९८ बोलपत्र बिक्री भएकोमा २०८ बोलपत्र मात्र दाखिला भएको छ। बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा २३.१६ प्रतिशत मात्र दाखिला भएको छ। उक्त निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा ४२ मध्ये ३३ ठेक्कामा लागत अनुमानको तुलनामा १ प्रतिशत भन्दा घटी अंकमा कार्य गराएको छ यसबाट वित्तीय प्रस्ताव बीच पर्याप्त मात्रामा प्रतिष्पर्धा भएको छ भनी एकिन गर्न सकिएन ।

१४. **प्रशासनिक खर्च** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली २०६४ को नियम ५५ मा स्वीक.त वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर शूल्क सेवा शूल्क दस्तूर र भाडाबाट उठाएको कूल रकमको रु ५० लाखदेखि रु १ करोडसम्म र २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । यस जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर सेवा शूल्क भाडा आदिबाट भएको असूली रु ५३,४५,५६१।७४ को ३० प्रतिशत रु. १६,०३,६६८।५२ मात्र खर्च गर्नु पाउनेमा रु. ५२,२२,५३६।५२ खर्च गरेकोले नियममा तोकिएको राजश्व असुलीका ३० प्रतिशत सीमा भन्दा आन्तरिक आयबाट रु ३६,१८,८६७।६५ बढी खर्च भएको छ। चालु खर्चमा नियन्त्रण नगरेको र आन्तरिक आयको बढोत्तरीमा ध्यान नदिएका कारण बढी खर्च हुन गएको देखिन्छ। तोकेभन्दा बढी खर्च गरेको नियमसम्मत देखिदैन ।

१५. **स्थानीय निकायको लेखापरीक्षण** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण सम्बन्धमा देहायबमोजिम देखिएको छ :

१५.१. लेखापरीक्षण गर्नुपर्ने २ नगरपालिका र ४५ गाउँ विकास समितिमध्ये १ (मन्थली) नगरपालिका र ४५ गाउँ विकास समितिको लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । रामेछाप नगरपालिकाको लेखापरीक्षक नियुक्तीको प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ ।

१५.२. ४५ गाउँ विकास समितिको लेखापरीक्षण गनं २०७३।९।२२ मा १८ जना लेखापरीक्षक नियुक्त गरी २०७३।९।२२ देखि फाल्गुण मसान्त भित्रको समय दिएको पाइयो ।

१५.३. लेखापरीक्षक नियुक्त भएकामध्ये कुनैको पनि लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन ।

१५.४. मन्थली नगरपालिकाको कुल लेखापरीक्षण अंक रु. १६,७९,२२,९९२।– रहेकोमा पेश्की बेरुजु रु. ९४,१७,८८२।– कायम गरेको छ ।

१६. **मौज्दात अनुदान** : स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाँउ विकास समितिमा निकासा भएको सवै पूँजिगत तथा चालु अनुदान रकमबाट आर्थिक वर्ष भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्ने र बचत हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट २०७१।७२ मा गाविस अनुदान तर्फ ४५ गाविसलाई निकासा दिएकोमध्ये केही गाविसको मौज्दात शुन्य राख्नुपर्ने चालुखाता तथा पूँजीगत खातामा समेत मौज्दात देखिएको र मूलकोष खातातर्फ रु.३१,७९,०८६।- , पुँजिगत खातातर्फ रु. ६,८७,८३१।– र चालु खातातर्फ रु. १,५३,४९,९८४।–मौज्दात देखिएको छ । सो मध्ये केन्द्रीय बजेट फ्रिज नगरी राखेको रकम कति हो खुल्न सकेन । जसले गर्दा फ्रिज हुनु पर्ने रकम गा.वि.स. को खातामा नै रही रहन सक्ने हुँदा गा.वि.स.को खातामा मौज्दात रहेको रु. ३१,७९,०८६।- मध्ये अनुदान निकासा दिएको रकम पूंजिगत तर्फको रु.६,८७,८३१।-,८७,८३१ समेत छानबिन गरी संचित कोष दाखिला गर्न गराउनुपर्दछ ।

१७. **पुंजीगतबाट चालु खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३ ले स्थानीय निकायको कोषको पूजीगत बजेटबाट कुनै पनि प्रकारको तलब भत्ता, पारिश्रमिक बैठक भत्ता, कार्यालय संचालन सम्बन्धी खर्च जस्ता चालु प्रकृतिको खर्च गर्न नपाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१७.१. कार्यालयले यो वर्ष जिल्ला विकास समिति कोष पूंजीगत बजेटबाट बिमिन्न चालु प्रकृतिका कार्यमा रु.४,३०,२१०/- भुक्तानी दिएको देखियो । पूंजीगत बजेटबाट चालु प्रकृतिको खर्च गरेको नियमित देखिदैन ।

१७.२. कार्यालयले गत वर्ष असुल गरेको मुल्य अभिबृद्धि कर रु.१,०४,०००।- ग-२-२ मा खर्च लेखि बेरुजु दाखिला गरेको देखियो । आन्तरिक आय असुल हुँदा ग-४-३ मा दाखिला हुने भएकोले सो आयमा असुल भएको मुअकर समेत ग-४-३ बाट कोष चालु ग-२-१ मा ट्रान्सफर गरी उक्त खातामा खर्च लेखेर दाखिला गर्नुपर्नेमा राजश्व बाँडफाँडको रकम रहने पुँजीगत खातामा खर्च लेखेकोले रु.१,०४,०००/- चालु प्रकृतिको खर्च भएको देखियो । उक्त रकम चालु खाताबाट पुँजीगत खातामा सोधभर्ना गर्नुपर्दछ ।

१८. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकमा खर्च रकमको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कोषतर्फ रु.४७,६७०/-को आवश्यक विल भरपाइ तथा कागजात बेगर खर्च लेखेको देखियो । उक्त बिल भरपाइ पेश हुनुपर्दछ ।

१९. **अन्य कार्यालयको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित जिल्ला प्रहरी कार्यालय मन्थलीलाई मन्दिर निर्माणको लागत अनुमान तथा कार्यसम्पन्न समेत पेश नगराई बिल भरपाईका आधारमा रु.१,००,०००।- भुक्तानी गरी उक्त कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । नियमानुसार यस्तो खर्च लेख्न मिल्ने देखिंदैन ।

२०. **बैठक भत्ता** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकभित्रको खर्चको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालय समयमा बस्ने कुनै पनि बैठकको भत्ता दिइने व्यवस्था छैन । कार्यालयले बोलपत्र खोल्दाको कार्यालय समयको २४ जनालाई बैठक भत्ता भुक्तानी गरेको छ । नियम विपरित भुक्तानी भएको रकम रु. १०,२००/- असुल हुनुपर्दछ ।

२१. **राजस्व बांडफांडका योजना** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ मा राजश्व बांडफांडको रकम सम्बन्धित राजश्व असुल गर्ने कार्यालयले छुट्टै बैंक खाता खोली जम्मा गर्नुपर्ने, सो खाताबाट अनुसूची-२६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्ने र सो रकम प्रशासनिक कार्यमा खर्च गर्ने नपाउने व्यवस्था छ । कार्यालयले राजश्व बांडफांडबाट ४ गाउँ विकास समितिमा प्रति गाउँ विकास समिति रु.१ लाखका दरले रु.४ लाख गाउँ विकास समिति तथा नगरपालिकामा कार्यान्वयनका लागि पठाएकोमा उक्त योजनाको लागत अनुमान मूल्याकन तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको र उक्त रकम प्रशासनिक कार्यमा खर्च हुन नपाउने गरी नियन्त्रण व्यवस्था गरेको देखिएन । उक्त योजनाको रकम पूंजीगत योजनामा खर्च भएको छैन भन्ने पुष्ट्याई गर्ने प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमनको प्रमाण पेश हुनु पर्दछ ।

२२. **मुल्य अभिबृद्धि कर दर्ता** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ को उपनियम (१) अनुसार रु.५,००० भन्दा वढीको खरिद मुल्य अभिबृद्धि करमा दर्ता भएका संग खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले स्थायी लेखा दर्ता भएपनि मुल्य अभिबृद्धि कर दर्ता नभएको फर्मसंग रु. ५,०००।- भन्दा वढीको रु.२,४५,२८५/- को सामान खरिद गरेको पाइयो । तोकिएको सिमा भन्दा बढीको खरिद मुल्य अभिवृद्धी कर दर्ता भएको फर्मसंग मात्र गर्न गराउन कार्यालय व्यवस्थापनको ध्यान जानु जरुरी देखिन्छ ।

२३. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर लाग्ने कुनै रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कोष चालु शिर्षकमा सेवा शुल्क भुक्तानी गर्दा रु १,०५०/- अग्रीम कर कट्टी गरेको पाइएन । उक्त रकम असुल गर्नुपर्दछ ।

२४. **कर्मचारी कल्याण कोष** : स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ (१) क मा कर्मचारी सेवा निवृत्त हुंदा दिइने सुविधा सम्वन्धी खर्चहरु कोष पूंजीगतबाट खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले कर्मचारी कल्याण कोषमा जिविस अनुदानबाट रु. १४ लाख र कोष चालुबाट रु. २१ लाख ट्रान्सफर गरिएको देखियो । ऐनमा तोकिएको कम्तिमा १ महिनाको तलब ट्रान्सफर गर्न मिल्ने व्यवस्था भएकोमा यस जिल्ला विकास समितिको १ महिनाको औषत तलब खर्च रु. ७ लाख देखिएकोमा ३ गुणा बढी रकम ट्रान्सफर गरेको र यस्तो रकम आन्तरिक आयबाट ट्रान्सफर गर्नुपर्नेमा जिल्ला विकास समिति अनुदान शर्षिकबाट समेत ट्रान्सफर गरेकोले केन्द्रीय अनुदानबाट दायित्व भुक्तानीका लागि व्यवस्था गर्न सकिने देखिदैन ।

२५. **औसत क्षेत्रफल गणना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (१) (ख) मा रनिङ बील वा अन्य कुनै वीजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्ताविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । रामेछाप रामपुर कोलोन्जोरघाट सडक उपभोक्ता समितिलाई बाटो खन्ने, ग्यावियन र स्टोन सोलिङ कार्यको रु.९,८६,७९३।- भुक्तानी भएको मध्ये चेनेज नं. १+९०० देखि ८+६८० सम्म १२२४८.५५ घ.मि. खन्ने कामको ५४८४८९।– भुक्तानी भएको छ । प्रत्येक चेनेजको क्रस सेक्सन एरियाबाट औसत क्षेत्रफल निकाल्दा गणनामा फरक परी बढी ३९०७.७४ घ.मि. परिमाणको तोकिएको बिभिन्न दरले भुक्तानी भएको रु. १,७५,८१६/- असुल हुनुपर्दछ

२६. **नर्म्स** : अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, कार्यक्रम सञ्चालन निर्देशिका, २०७० को ७.१.१५ मा सवै प्रकारका तालीम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा सहभागीता भत्ता एवं भ्रमण खर्च को व्यवस्था गरेको छ। यस कार्यालयले विभिन्न कार्यक्रममा नर्म्स भन्दा रु. ५,२८०/- बढी भुक्तानी भएको देखियो । कार्यालयले नर्म्सको पालना गर्नुका साथै बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ ।

२७. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बाँकी रहेको केन्द्र तर्फको पेश्की रु.३,८२,९५,२५१/- रहेको छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्छ। उक्त पेश्की बाँकी रु. ३,८२,९५,२५१/- नियमानुसार फछ्र्योट हुनुपर्दछ ।

२८. **मुल्य अभिबृद्धि कर दर्ता** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ को उपनियम (१) अनुसार रु.५,००० भन्दा वढीको खरिद मुल्य अभिबृद्धि करमा दर्ता भएका संग खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले स्थायी लेखा दर्ता भएपनि मुल्य अभिबृद्धि कर दर्ता नभएको फर्मसंग रु. ५,०००।- भन्दा वढीको ४ वटा फर्मसंग रु. १,४६,८४०/- को सामान खरिद गरेको पाइयो । तोकिएको सिमा भन्दा बढीको खरिद मुल्य अभिवृद्धी कर दर्ता भएको फर्मसंग मात्र गर्न गराउन कार्यालय व्यवस्थापनको ध्यान जानु जरुरी देखिन्छ ।

२९. **कर विजक** : मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले प्रापकलाई रितपूर्बकको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा बिभिन्न ७ फर्मले जारी गरेको रु.३३,८१,४०८/– बिल रकम रहेको

बिजकको मिति नभएको, बिजक नं. सच्याएको तथा केरमेट गरेको देखियो । उक्त रकमको मु.अ.कर रु.४,३९,५८३/- को कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

३०. **आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (ढ) मा खण्ड (ड) बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्ष संचालित बिभिन्न योजनाको सम्झौताभन्दा घटी कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी भएको कार्यको अनुपातमा रु.४०,६६९।- कट्टी नगरी भुक्तानी गरेको देखियो । कार्यविधिको व्यवस्था तथा सम्झौता अनुसार जनसहभागिताको अनुपातमा कम काम भएको रकम कट्टी नगरी बढी भुक्तानी भएको रु.४०,६६९/-सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

३१. **हेभि मेसिन प्रयोग** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) झ मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न सडक योजनाहरु संचालन गर्दा हेभी मेशिन ( स्काभेटर, डोजर) प्रयोग मार्फत कार्य गरी रु.१,२८,६४,६४४/– खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए वमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभी मेशिनको प्रयोगलाई निरुत्साहीत गरी वातावरण र रोजगार मैत्री निर्माण कार्य अगाडि बढाउनुपर्ने देखिन्छ ।

३२. **नर्मसभन्दा बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ अनुसार भाडामा लिने मेशिनरी औजार, उपकरणको भाडाको लागत अनुमान तयार गर्न सम्बन्धित सार्वजनिक निकायका प्रमुख, त्यस्ता साधन, उपकरण सम्बन्धी ज्ञान भएका बढीमा ३ जना दक्ष प्राविधिकको एक समिति गठन गरी भाडामा लिनुपर्ने सवारी साधन, उपकरण विवरण, स्पेशिफकेशन, अवस्था र आयु प्रचलित बजार दर, भाडामा लिने अवधी, ईन्धनको मूल्य र खपत आदि विचार गरी समितिले भाडाको लागत अनुमान तयार गर्नुपर्ने कुरा उल्लेख छ । बिभिन्न सडकहरुको माटो काट्ने तथा खन्ने कार्यको लागि डोजर तथा एक्साभेटर प्रयोग गरी कार्य गराएकोमा प्रयोग भएको तेलको नर्म्स बमोजिम हुने इन्धनको खपत र कार्यालयले पेश गरेको उपभोक्ताको बिल भरपाईको विश्लेषण गर्दा नर्म्स बमोजिम रु.२७,११,२४९।- इन्धनको भुक्तानी हुनुपर्नेमा रु.४४,८८,०३५।- भुक्तानी भएकोले नर्म्स भन्दा बढी रु. १७,७६,७८५/– इन्धन बिलको आधारमा कार्यालयले भुक्तानी गरेको देखियो । नर्म्स भन्दा बढी भूक्तानी भएको रकम रु. १७,७६,७८५/– नियमित देखिएन ।

३३. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकमा खर्चको रकमको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले रु. ६३,४४,६४५/- को हेभी मेशिनको विल भरपाइ लगायतका आवश्यक कागजात बेगर खर्च लेखेको देखियो । उल्लेखित विल भरपाई कागजातहरु पेश हुनु पर्दछ ।

३४. **जनसहभागिता परिचालन :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३० (२) मा सहभागिताको मापदण्ड तयार गर्दा जिविस को हकमा १० प्रतिशत कम नहुने निर्धारण गर्नुपर्ने छ । कार्यालयले एकाङफेदी झोलुङ्गे पुलमा तोकिए बमोजिमको न्यूनतम

जनसहभागिता रु. ८,५९८/- परिचालन गरेको छैन। कार्यविधिको व्यवस्था तथा सम्झौता विपरित जनसहभागिता कम जुटाएको नियमित देखिदैन।

३५. **बीमा नगरेको** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० मा बमोजिम १० लाख भन्दा बढी निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न ५ ठेक्कामा रु.८१,४१,२०६/४१ को सम्झौता गर्दा बीमा नगरी ठेक्का व्यवस्थापन गरेको देखिएकोले नियमको पालना नभएको र निर्माण कार्यमा जोखिम व्यवस्थापन गरेको देखिएन। नियमानुसार बीमा व्यवस्था गरिनुपर्दछ।

३६. **निषेधित क्षेत्रमा खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को दफा १३ (१) च मा राजनैतिक दल विशेष तथा अन्य संघ संस्थालाई सहयोग उपलव्ध गराउने क्षेत्र वा विषयमा खर्च गर्न निषेध गरिएको छ। कार्यालयले जिल्ला विकास समिति अनुदान कार्यक्रमबाट यस्ता निषेधित क्षेत्रमा २ भवन निर्माणका लागि योजना छनौट गरी रु.५,८०,०००/- खर्च गरेको देखियो। कार्यविधिको दफा १३ ले निषेध गरेका योजना छनौट गरी संचालन गर्ने परिपाटी अन्त हुनु पर्दछ।

३७. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ मा अग्रिम आयकर कर कट्टी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष बिभिन्न बजेट शिर्षकमा सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर रु. ३,१५०/- र भाडा रकम भुक्तानी गर्दा १० प्रतिशत अग्रीम कर रु.१४,९८१/- घटी कट्टी नगरेको पाइयो। उक्त घटी कट्टी भएको जम्मा रकम रु. १८,१३१।- असुल गर्नुपर्दछ।

३८. **कन्टिन्जेन्सी खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को दफा १४ अनुसार कार्यक्रम संचालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको “ख” वर्गको जिल्लाले ४ प्रतिशत कन्टिन्जेन्सीका लागि छुट्टयाई खर्च गर्न सकिने व्यवस्था गरेको छ। यस कार्यालयले बिभिन्न शिर्षकमा तोकिएको सीमा भन्दा बढी रु.६,६८,७५१/- कन्टिन्जेन्सी खर्च गरेको छ। तोकिएको ४ प्रतिशतको सीमा भन्दा बढी खर्च गरेको रकम रु. ६,६८,७५१/- असुल हुनुपर्दछ।

३९. **कार्य सम्पादन जमानत** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११८ (४) बमोजिम कार्यसम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधी वा प्रत्याभुतीको अवधीमा पेश भएका रु. ९,१६,३१४/- को कार्यसम्पादन जमानीपत्रको म्याद नियमले तोके बमोजिमको भन्दा ९ महिना सम्म अपुग भएको देखियो। कार्यालयले तोकिए बमोजिम रु.९,१६,३१४/- को कार्यसम्पादन जमानीपत्र लिनुपर्दछ।

४०. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ। कार्यालयले जिविस अनुदानबाट २४ गाविस र २ नगरपालिकामा रु.३३,२०,०००।- र रोयल्टी व्यवस्थापन तथा वितरण कार्यक्रमबाट १७ गाविसमा रु.३१,३३,०००।- गरी जम्मा रु.६४,५३,०००।- सोझै अनुदान पठाएकोमा योजनाको लागत अनुमान, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन तथा बील भरपाई पेश भएन। नियमावलीको नियम १५५(५)घ बमोजिम प्राविधिक मूल्यङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तथा बिल भरपाई पेश हुनु पर्दछ।

४१. **बिबिध खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकमा खर्चको रकमको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई खर्चको पुष्ट्याई हुनेगरी राख्नु पर्ने व्यवस्था छ । नमुना परीक्षणबाट कार्यालयले बिबिध खर्चको आवश्यक प्रयोजन खुलेको प्रमाण तथा कागजात बेगर रु.३७,७१७/- खर्च लेखेको देखिएकोले उक्त रकम नियमित देखिएन ।

४२. **बैठक भत्ता** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट शिर्षकभित्रको खर्चको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालय समयमा बस्ने कुनै पनि बैठकको भत्ता दिइने व्यवस्था छैन । कार्यालयले बोलपत्र खोल्दाको कार्यालय समयको ६९ जनालाई बैठक भत्ता भुक्तानी गरेको छ । नियम विपरित भुक्तानी भएको रकम रु.९७,५००।- असुल हुनुपर्दछ ।

४३. **रकम ट्रान्सफर:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ मा प्रत्येक जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट मर्मत सम्भार विशेष कोष लगायत विभिन्न कोषमा रकम विनियोजन गर्नसक्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्तमा बजेट फ्रिज हुन नदिने उद्देश्यले बिभिन्न २ ब.उ.शी.नं अन्तर्गत केन्द्रिय शिर्षकमा विनियोजित रकम रु.४६,३२,०००/- मर्मत सम्भार लगायतका विशेष कोषमा ट्रान्सफर गरेको देखियो । यसबाट केन्द्रिय शीर्षकमा बजेट खर्च नहुने तथा तोकिएको लक्ष्य तथा उद्देश्य प्राप्त हुने दखिदैन । यसरी नियमावली तथा कार्यविधिको व्यवस्था विपरीत ट्रान्सफर गरिएको रकम समितिको कोषबाट असुल गरि केन्द्रिय राजश्वमा दाखिला गर्नुपर्दछ ।

४४. **पूर्वनिर्धारीत क्षतिपूर्ति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२८ मा खरिद सम्झौताको म्याद थप गनें र नियम १२९ मा पूर्व निर्धारित क्षतिपूर्तीको व्यवस्था रहेको छ । कार्यालयले बोलपत्रको माध्यमबाट २०७१।१२।१० मा रु.१८,२१,२२१।६१ सम्झौता गरेको ठोसे सिंगटी प्रिती सडक स्तरोन्नती कार्य महाभुकम्पका कारण काम हुन नसकेकोमा मन्त्रालयको २०७२।१२।१ को पत्रानुसार २०७३।२।२५ को बोर्ड बैठकबाट म्याद थप गर्ने निर्णय गरी २०७३ जेष्ठ मसान्तसम्म कार्यसम्पन्न गर्ने अवधि तोकेकोमा २०७३।३।१८ मा मात्र कार्यसम्पन्न गरेको देखिएको छ । निर्माण व्यावसायीले म्याद थपका लागि निवेदन नदिएकोले प्रतिदिन ०.०५ प्रतिशतले ढिलाइ गरेको १८ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.१६,३९१।- असुल नगरी भुक्तानी गरेको देखियो । उक्त पूर्वनिर्धारीत क्षतिपूर्ति रकम असुलउपर हुनुपर्दछ ।

४५. **नर्म्स सम्बन्धमा** : अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, कार्यक्रम सञ्चालन निर्देशिका, २०७० को ७.१.१५ मा सवै प्रकारका तालीम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा सहभागीता भत्ता एवं भ्रमण खर्च को व्यवस्था गरेको छ । यस कार्यालयले विभिन्न कार्यक्रममा नर्म्स भन्दा रु.१४,०५०/-बढी भुक्तानी गरेको देखियो । कार्यालयले नर्म्सको पालना गर्नुका साथै बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ ।

४६. **अनुगमन खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ ( ३) मा सम्बन्धित बजेट शिर्षकभित्रको खर्चको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न राजनैतिक दल तथा पत्रकार समेतको अनुगमन समितिको अनुगमन खर्च भुक्तानी गरेकोमा कुन योजना कहिले अनुगमन गरेको खुल्ने भ्रमण प्रतिवेदन पेश नगरेको, उपस्थिति नरहेको, भ्रमण आदेश स्वीकृत नभएको, भ्रमण बील नरहेको र जिल्ला विकास समितिले संचालन गरेका केही योजनामा १३ प्रतिशत

सम्ममात्र प्रगति हुदाँ समेत कार्य सम्पन्न प्रतिवेदन पेश गरिएकोले अनुगमनमा भएको खर्च रु.७,९३,३४०/- को नियमित र उपलब्धी देखिएन ।

४६.१. **बढी भुक्तानीः** कार्यालयले अनुगमनमा जाने राजनीतिक दल लगायतको अनुगमन टोलीको भ्रमण भत्ता सरकारी दरले भुक्तानी गरेकोमा अनुगमन गरेको दिन भन्दा बढी दिनको भ्रमण भत्ता भुक्तानी गरेको र बढी दरमा समेत भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम रु. ४५,०००/- असुल हुनुपर्दछ ।

४७. **कर बिजक** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ (२) ङ मा १ लाख भन्दा बढीको सवारी साधन उपकरण भाडामा लिंदा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मसँग मात्र गर्न सकिने उल्लेख छ । गागलभदौरे डडुवा (महाकाल चिरखुं लुकुवा) सडकको ल.ई.रु १०,५९,८२९।- रहेको सडकको सम्झौता रकम रु.९५४८२९।- रहेकोमा रु. ७,४३,०३४.४८ मूल्यांकन भई रु.६,४२,७४४।- भुक्तानी गरेको देखियो । बिल भरपाईमा निर्माण सेवाको २२९ घण्टाको प्रतिघण्टा रु. २,२००।- का दरले रु. ५,०३,८००।- को लगबुकको आधारमा भुक्तानी गरेकोमा उक्त निर्माण सेवाले गो.भौ.नं./मिति ३३४-२०७३/०३/२८ मा बील नं. ००४-२०७३/०३/२८ बाट रु. ४,०७,१३९.२१ मुल्य अभिवृद्धि कर बीजक जारी गरेको देखियो । मुअकरमा दर्ता भएको फर्मले सम्पूर्ण कारोवारको कर बीजक जारी गर्नुपर्नेमा सो नगरेको देखिएकोले लगबुकबाट भुक्तानी भएको रु.५,०३,८००।- ले हुने कारोवार रकम रु. ४,४५,८४०।७१ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु.५७,९५९।— असुल गर्नुपर्ने र बिजक जारी नगरेको सम्बन्धमा कानुन बमोजिम छानविन गरी पेश गर्नुपर्ने देखिन्छ ।

४८. **रकमान्तर** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (२) मा तोकिएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । कार्यालयले बिभिन्न निषेध गरेको रकममा रकमान्तर गरेको देखियो । तालुक मन्त्रालयको २०७३/०३/१७ को पत्रानुसार खर्च शिर्षक २६३१२ मा प्राप्त रकम मध्ये ८ जना कर्मचारी ( गाविस सचिव ७ र लेखापाल १) कर्मचारी दरवन्दी रिक्त रहन गएको कारणबाट बाँकी रकम रु. १२,४६,०००।- मध्ये रु. ४,२१,०००/- कार्यालय संचालन लगायतका शिर्षकमा खर्च गर्ने गरी अनुमति दिएको आधारमा निषेधित शीर्षकमा रकमान्तर गरेको देखियो । नियमावलीको प्रावधानको पालना नगरको नियमित देखिएन ।

४९. **औसत क्षेत्रफल गणना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ मा रनिङ बील वा अन्य कुनै वीजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्ताविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। सडक कटिङ गर्ने काम उपभोक्ता समिति मार्फत गराएकोमा सडकको चेनेजको औसत क्षेत्रफल निकाल्दा गणनामा फरक परेको पाइयो । नापीमा उल्लेखित वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी हुनुपर्नेमा औसत क्षेत्रफल गणनामा फरक परी बढी परिमाणको भुक्तानी भएको छ । सुनकोशी खुर्कोट खनियाखर्क विजयछाप सण्डको चेनेज ०+००० देखि ०+९९५ सम्म ९२७३.४७ घ.मि. व्याक कटिङ काम वापत उपभोक्ता समितिलाई रु. ७,१०,४००।- भुक्तानी भएको पाइयो । सो मध्ये नापी किताबको क्वानटिटि क्यालकुलेशन सिटमा चेनेज ०+२०० देखि ०+३२५ सम्मको औसत क्षेत्रफल निकाल्दा गणनामा फरक परेकोले ३९५२.२० घ.मी. बढी परिमाण नापीमा देखाएको पाइयो । सो बाहेक अरु चेनेज नं. ०+४२५, ०+५००, ०+६२५, ०+६७५ र ०+८०० मा हार्ड रकको परिमाण ४८४.५९ घ.मि. नापीमा बढी देखाएको समेत ४४३६.८२ घ.मि. परिमाणको रु. ३,७९,८३२.९४ बढी भुक्तानी भएकोले असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ । त्यस्तै ठेक्का नं.

३२/२०७२/७३ एक निर्माण सेवालाई बाटो कटिङ, ग्याबियन र स्टोन सोलिङको काम गरे वापत रु.९,३७,७२६।८० भुक्तानी गरेको मध्ये चेनेज नं. ० देखि १+१०० सम्म ६२२०.०५ घ.मि. को रु. ३७२८५६।७३ भुक्तानी भएको छ। प्रत्येक चेनेजको क्रस सेक्सन यरियाबाट औसत क्षेत्रफल निकाल्दा गणनामा फरक पारी १९२८।९५ घ.मी. बढी परिमाणको भुक्तानी भएकोले बढी भुक्तानी रु.११६१०३.३२ मुअकर थप समेत रु.१,३१,१९७/- असुल हुनुपर्दछ।

५०. **बढी भुक्तानी** : निर्माण समग्री तथा श्रमिकको जिल्ला दररेटको आधारमा दररेट विश्लेषण तयार भई स्वीकृत भएको छ। सोही दररेटको आधारमा भुक्तानी गर्नुपर्नेमा बढी दरबाट भुक्तानी भएको व्यहोरा निम्नानुसार छ :

५०.१. साँघुटार सिरिसे सडक निर्माण उपभोक्ता समितिलाई मेडियम रकको दररेट विश्लेषण अनुसार प्रति घ.मी. १२३.५३ ले भुक्तानी गर्नुपर्नेमा हार्ड रकको दर प्रति घ.मी. २२२.२१ ले २९८.०८ घ.मि.को रु. ६६,२३६.३६ भुक्तानी भएको पाइयो। बढी दर रु.९८.६८ ले २९८.०८ घ.मि. को रु. २९,४१५.५३ भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

५०.२. माटो खन्ने कामको निर्माण व्यवसायीलाई रु.४,३८,४८८।- भुक्तानी गरेको पाइयो। सोमध्ये सफ्ट रक कटिङ कामको उपभोक्ता समितिको दररेट प्रति घ.मी. १२३.५३ मा ओभरहेड थप गरी हुने रु. १४२.०५ ले भुक्तानी हुनुपर्नेमा रु. २००।- ले ७९२.९३ घ.मि.को रु. १,५८,५८६।- भुक्तानी भएको हुँदा बढी दर रु. ५७.९५ ले ७९२.९३ घ.मी.को रु.४५,९५०।- भुक्तानी भएको देखिएकाले मु.अ.कर थप समेत रु ५१,९२३.८३ असुल हुनु पर्दछ।

५१. **छुट भुक्तानी**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (५) मा खरिद सम्झौतामा स्थानीय निकायले बील बीजकको रकम भुक्तानीको निश्चित रकम वा प्रतिशत छुट दिने कुमार उल्लेख गरिएमा भुक्तानी गर्दा कट्टा गरेर मात्र दिनुपर्ने उल्लेख छ। ठेक्का नं. ४२/२०७२/७३ एक निर्माण सेवालाई मन्थली भालुखोप ओखेनी सडकको पहिलो तथा अन्तिम बीलको रु.४,६७,२२७- भुक्तानी गरेकोमा उक्त कार्यको खरिद सम्झौतामा भुक्तानीको ३ प्रतिशत छुट दिने कुरा उल्लेख छ। खरिद सम्झौता अनुसार बिल रु.४६७२२७- मा ३ प्रतिशत छुट रु. १४०१६.८० कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा पुरै बील रकम भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

५२. **बढी व्ययभार** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (५) मा छनौट भएको बोलपत्रमा सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो लगतै पछिको अर्को न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नेपर्ने उल्लेख छ। देविटार पासेवन सडक निर्माण गर्न रु.२७,९९,७०३.०२ लागत अनुमान स्वीकृत भएकोमा सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदाता एक निर्माण सेवा लागत अनुमानको ६०.०५ प्रतिशत घटी रु.११,१८,४५२.१२ सम्झौताको लागि छनौट भएको पाइयो। निज निर्माण सेवाले २०७३/०१/०९ मा विविध कारणबाट सम्झौता गर्न नसकेको जनाएको हुँदा निजको जमानत रु.५६,०००।- जफत गरी दोश्रो घटी ल.ई. को ३८.९३ प्रतिशत कबोल गर्ने बोलपत्रदाता अर्को निर्माण सेवासँग रु.१७,०९,९१५.०४ को सम्झौता भएको छ। दोश्रो घटी कबोल गर्ने बोलपत्रदातासँग खरिद सम्झौता गर्दा घटी कवोल गर्ने बोलपत्रदाताको कवोल अंकको तुलनामा रु.५,९१,४६३.३२ बढी व्यय भार परेको देखिएको छ। यसबाट ठेक्का व्यवस्थापन लागत प्रभावी देखिएन।

५३. **बढी भुक्तानीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (२) मा रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी लिनको लागि खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्ने उल्लेख छ । कुनौरी लिफ्ट सिंचाई आयोजनाको उपभोक्ता समितिलाई रु.३,५९,५६०।- भुक्तानी भएको मध्ये आइटम नं. बी (१) को नापी अनुसार मोटर पम्पसेट १ को रु. १,९२,१००।- भुक्तानी भएको पाइयो । रनिङ बील साथ संलग्न सो पम्प सेटको कर बीजक अनुसार पम्प सेटको मूल्य रु.१,१३,०००।- देखाएको हुंदा बढी भुक्तानी भएको रु. ७९,१००।- असुल हुनुपर्दछ ।

५४. वाम्ती गुम्देल जोड्ने ठाडोखोला मोटरेवल पुल निर्माण गर्न एक निर्माण सेवासँग रु. १०७८८०८५.५९ मा सम्झौता भएकोमा भेरियसनबाट थप समेत रु. १२३८३२४९.३१ भुक्तानी भएको पाइयो । उक्त पुल निर्माण कार्य यो वर्ष सम्पन्न भएकोमा निम्न व्यहोरा देखिएको छ :

५४.१. ठेक्का सम्झौताको विशेष शर्तको दफा ५७.२ मा कार्य सम्पन्न भएपछि पुलको एजविल्ट ड्रइङ तयार गर्नुपर्ने अन्यथा रु. १०००००।- भुक्तानी रोक्का गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले पुलका एजविल्ट ड्रइङ तयार गरेको पाइएन । एजविल्ट ड्रइङ तयार नगरेकोमा अन्तिम बील रकम भुक्तानी गर्दा रु.१,००,०००।- रोक्का गर्नुपर्नेमा रोक्का गरेको नपाईएकोले मु.अ.कर समेत रु १,१३,०००/-असुल हुनुपर्दछ ।

५४.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (२) मा रनिङ बील भुक्तानी लिनको लागि निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्ने उल्लेख छ । पुलको बि.ओ.क्यू. मा भएको प्रोभिजनल सम वातावरणीय संरक्षण कामको रु.२०००००।- भुक्तानी भएकोमा सोको बिल भरपाई पेश भएको छैन । खरिद सम्झौता बमोजिम खर्चको बिल भपाई पेश नभएकोले मुल्य अभिबृद्धि कर समेत रु.२,२६,०००/- असुल हुनुपर्दछ ।

५४.३. **कार्यसम्पादन जमानतः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११८ (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । ठाडोखोला पुल २०७३ बैशाख ३१ गते सम्पन्न भएको पाइयो । कार्यालयले पुलको कार्य सम्पादन जमानत कमर्सियल बैकको जमानत रु. ५,४०,०००।- को म्याद २०७३ कार्तिक मसानतसम्मको लागि रोक्का हुन पत्राचार गरेको छ । उक्त कार्यसम्पादन जमानतको म्याद कार्य सम्पन्न भएको २०७३ बैशाख ३१ गतदेखि त्रुटि सच्याउने अवधि १२ महिना थप १ महिना समेत १३ महिनाको २०७४ जेठ मसान्तसम्म हुनुपर्नेमा घटी अवधिको भएकोले निमयमा व्यवस्था भए अनुसार त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा १ महिना बढी अवधिको कार्यसम्पादन जमानत प्रमाण पेश हुनुपर्दछ ।

५५. **पाइप जडान** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (२) अनुसार रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी लिनको लागि खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्दछ । अधेरीखोला बलम्पाकी टोल खानेपानी उपभोक्ता समितिसँग डिस्ट्रीव्युसन पाइप लाइन निर्माण गर्ने कार्यको लागि ५५२५ मिटर पाइप खरिद मूल्य रु.३,३९,१९६।- समेतको सम्झौता भई भुक्तानी भएको पाइयो । कार्य सम्पन्न प्रतिवेदन अनुसार उक्त खरिद ५५२५ मिटर मध्ये २५५० मिटर मात्र जडान भएको प्राविधिक मूल्यांकन पेश भएको छ । बाँकी २९७५ मिटर पाइप जडान भएको पाइएन । प्राविधिक मूल्यांकन अनुसार जडान भएको पाइपको मूल्य भुक्तानी गर्नुपर्नेमा जडान नभएको पाइप २९७५ मिटरको मूल्य समेत भुक्तानी भएकोले प्रतिमिटर रु.६१.३९ ले हुने रु.२,०६,३८७.७०/- मुल्य अभिबृद्धि कर समेत असुल हुनुपर्दछ ।

५६. **अनुगमन** : नागरिक सचेतना केन्द्रका सदस्यहरुको जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ को बुँदा ७ को (घ) मा जिल्ला विकास समितिले जीविकोपार्जन सुधार कार्यक्रमको अनुगमन गर्ने र सार्वजनिक परीक्षण गराई समयमै वित्तीय प्रगति प्रतिवेदन पठाउने र क्षेत्रीय समन्वय इकाईलाई आवश्यक प्रगति प्रतिवेदन पठाइने व्यवस्था छ । कार्यालयले यस कार्याक्रमको लागि स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रमबाट कुभुकास्थली लगायतका ४५ गाउं विकास समितिलाई रु. ३५,१०,०००।- अनुदान दिइएकोमा स्थानीय सेवा प्रदायकले छनौट गरेको बंगुरपालन, किराना पसल, बाख्रापालन, तरकारी खेती, सिलाई कटाई, अदुवा खेती कुखुरापालन जस्ता क्रियाकलाप संचालन गर्ने प्रस्ताव गरिएको र सोही बमोजिम एकमुष्ट अनुदान निकासा दिईएकोमा सो को बिल भरपाई पेश नभएको, अनुगमन नभएको, सार्वजनिक परीक्षण नभएको उक्त कोष रिभल्बीङ भई आय आर्जनका क्रियाकलापहरु निरन्तर संचालनमा रहेको आधार प्रमाण नभएको र यसबाट गरिने सेवाहरुको उद्धेश्य हासिल भयो भन्ने एकिन हुन सक्ने देखिदैन । यस्तो अनुदान रु.३५,१०,०००।- को प्रभावकारी ढंगले गरेको ठोस अनुगमन प्रतिवेदन र प्रगति प्रतिवेदन पेश हुनुपर्दछ

५७. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ । कार्यालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत नागरिक सचेतना केन्द्रका साना पूर्वाधार कार्यक्रमका लागि नागरिक सचेतना केन्द्रले माग गरेका साना सामुदायिक तथा आर्थिक पूर्वाधार कार्यक्रमका लागि रु.४३,२०,०००/- सोभै अनुदान पठाईएकोमा उक्त सशर्त अनुदानको उपयोगको स्थिति कार्यसम्पन्न प्रतिवेदन, नापी किताब तथा बिल भरपाई पेश भएन । नियमावलीको नियम १५५(५)घ बमोजिम प्राविधिक मूल्यङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

५८. **रिफ्लेक्ट शेसन** : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको स्वीकृत कार्यक्रममा सामाजिक कार्यक्रम बजेट तथा अनुदान परिचालनका शर्तहरु बजेट रकम नं. २६३१२ सशर्त अनुदानको बुदाँ (च) मा रिफ्लेक्ट शेसन संचालनका लागि रु. २०००।- का दरले भुक्तानी दिनुपर्ने र स्थानीय सेवा प्रदायकले साप्ताहिक शेसन संचालनको सुनिश्चितता गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त कार्यका लागि स्थानीय सेवा प्रदायक मार्फत रु ९,८१,०००/- भुक्तानी गरेकोमा रेफ्लेक्ट तालिम संचालनको सुनिश्चितता हुने बिल भरपाई र तालिम कार्यक्रमको उपस्थिति जस्ता कागजात पेश भएन । उक्त प्रमाण पेश हुनुपर्दछ ।

५९. **स्थानीय सेवा प्रदायक छनौट** : सामाजिक परिचालन कार्यविधि, २०७१ को बुँदा ३.६ (ख) मा स्थानीय सेवा प्रदायक संस्था छनौट सार्वजनिक खरिद ऐन, नियमावलीले निर्धारण गरेको खरिद विधि र प्रक्रिया बमोजिम हुने व्यवस्था छ । कार्यालयले २०७१ चैत्र २३ गते शुरु छनौट गरेका ४ वटा संस्थाको २०७२/०४/०१ मा २०७१/०४/०१ देखि २०७३/०३/३१ सम्म म्याद थप गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ सम्झौतामा रकम समेत उल्लेख नगरी समुदाय परिचालन वापत रु.१३,५६,०००।- भुक्तानी गरेको देखियो । भुक्तानी रकममा स्टेशनरी वापत रु.१०,०००।- व्यवस्थापन खर्च वापत रु.३०,०००।-,तलब वापत रु.२,४०,०००।- र अनुगमन वापत रु. २०,०००।- गरी रु.३,००,०००।- मा मुल्य अभिबृद्धि कर समेत थप गरेर भुक्तानी दिइएको पाइयो । उक्त रु.३,००,०००।- मध्ये तलब र अनुगमनको रु.२,६०,०००।- मा मुल्य अभिबृद्धि कर रु. ३३,८००।- भुक्तानी गर्नुको औचित्य समेत पुष्टि भएको देखिदैन । एउटै संस्थालाई नविकरण

गरी पटक पटक सेवा खरिद गरी भुक्तानी गरेको रु.१३,५६,०००/- र तलब र अनुगमन भत्ता भुक्तानीमा समेत मुल्य अभिबृद्धि कर थप गरी भुक्तानी गरेको आधार र ऐन बमोजिमको खरिद प्रक्रिया सम्बन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ ।

६०. **सामुदायिक मेलमिलाप केन्द्र :**सामुदायिक मेलमिलाप कार्यक्रम तर्फको कार्यक्रम संचालन एवं खर्च गर्दा गर्नुपर्ने शर्तहरु २०७२/७३ को बुदाँ १ (ग) मा सामुदायिक मेलमिलाप केन्द्रको स्थापना र संचालनको लागि प्रथम पटक रु ५०,०००।- का दरले अनुदान रकम उपलब्ध गरानुपर्ने व्यवस्था रहेकोमा कार्यालयले तामाकोशी सेवा समितिलाइ सम्पूर्ण रकम रु. ५ लाख पेश्की दिई २०७३/०३/३० गतेका दिन ९४ जनाको उपस्थिति रहेको सामुदायिक मेलमिलाप कार्यक्रम सम्बन्धी अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको माइन्यूट लगायतका कागजात पेश भएको छ । कार्यक्रमको व्यानरमा जिल्ला विकास समितिले आयोजना गरेको देखिने प्रमाण पेश नभएको, बैठकको उपस्थितिमा जिविसको कर्मचारी तथा पदाधिकारीको उपस्थिति नदेखिएको, केही तस्विर र कार्यपत्रमा द एशिया फाउण्डेशन उल्लेख भएको र २०७३/०३/३१ गते प्रकाशित "आजको रामेछाप" दैनिक पत्रिकामा समेत एशिया फउन्डेशनको सहयोगमा तामाकोशी सेवा समितिले जिल्लामा २९६जना मेलमिलापकर्तालाई विवाद समाधानको सीप प्रदान गरेको थियो भनी उल्लेख भएको र जिविसको नाम उल्लेख नभएकोले जिविसको उक्त कार्यक्रम सञ्चालन भएको एकिन हुन सकेन। कार्यक्रम संचालनमा अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७० बमोजिम तोकिएको नर्म्स समेतको पालना भएको नदेखिएको (उदाहरणः होटल बास र खाना खर्चमा रु.४५०।- प्रति सहभागी खर्च गर्न पाउनेमा रु. ७००।- गरेको, प्रशिक्षक भत्तामा रु. २५००।- गर्न पाउनेमा रु. ५०००।- खर्च लेखेको) साथै उद्धेश्य अनुरुप रु.५०,०००।- का दरले अनुदान दिनुपर्ने रकमबाट चालु प्रकृतिको एक दिने अन्तक्रियामा बजेट खर्च लेखेको नियमित देखिएन । अतः सो कार्यक्रम सञ्चालनको छानविन गरी यथार्थता र नर्म्सभन्दा बढी खर्च गरेको रकम असुल गर्नुपर्दछ,।

६१. **जिन्सी दाखिला** : सार्वजनिक निकायले म.ले.प.फा.नं. ४६ को ढाँचामा जिन्सी दाखिला गर्नुपर्दछ । यस कार्यालयले ल्यापटप, फर्निचर जस्ता बिभिन्न बस्तु खरिद गर्न गाविसमा पेश्की दिइ पेश्की फछ्र्यौट गरेकोमा जिन्सी खातामा रितपूर्वक प्रविष्टी गरेको प्रमाण बेगर भुक्तानी दिएको पाइयो । उक्त कारोबारको रु. १०,५९,९४१/२७ जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ ।

६२. **आषाढमा निकासा :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३९(१ख) मा स्थानीय विकास अधिकारीले आफूलाई प्राप्त भएको मितिले ७ दिन भित्र गा.वि.स.को सचिवलाई अख्तियारी पठाउनु पर्ने व्यवस्था छ । यस समितिलाई गाउं विकास समिति अनुदान तर्फ मिति २०७२/४/२४ मा रु.९,७१,५९०००।- अख्तियारी प्राप्त भएकोमा कार्यविधि बमोजिम २०७२/५/१ मा गाउं विकास समितिलाई अख्तियारी दिनुपर्नेमा कार्यालयले प्रथम निकासा २०७२।९।२७ मा दिइएको छ भने अषाढको मसान्तमा मात्र २५ गाउं विकास समितिलाई २०७३/३/२३ मा रु.१,३७,४१,२०९/- तथा २०७२/३/१३ मा १२ गाउं विकास समितिलाई रु.६,८८,५६५/- निकासा दिएको देखियो । आर्थिक बर्षको अन्त्यमा निकासा दिँदा गाउं विकास समितिका योजना कार्यान्वयमा ढिलाई हुने, समयमा सम्पन्न नहुने र पूँजीगत खातामा खर्च नभई मौज्दात रहेको समेत देखियो । अतः कार्यालयले तोकिएको म्यादभित्रै निकासा दिई योजना कार्यान्वयनको अनुगमन व्यवस्था मिलाउनुपर्दछ ।

६३. **योजना सञ्चालनः** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ अनुसार सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत भई बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजनाहरु छनौट हुनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले

निर्वाचन क्षेत्र विकास कार्यक्रम उपशीर्षक अन्तर्गत ४ माननीय सभासदद्वारा छनौट भई संचालन भएका रु ३ करोड ५२ लाख ४७ हजारका कार्यक्रमहरु तोकिए बमोजिम जिल्ला विकास आवधिक योजनामा नपरेका तथा जिल्ला परिषद्बाट छनौट नभएका योजना छनौट गरी संचालन गरेको पाइयो । नियमावलीले तोकिए बमोजिमका योजना छनौट गरी संचालन गर्नुपर्ने देखिन्छ ।

६४. **अनुगमन नगरेको** : निवांचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली, २०५८ को नियम ८ क २ मा संविधान सभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको बर्षमा कम्तिमा १ पटक अनुगमन गरि सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनुपर्ने व्यवस्था छ । त्यसैगरी निर्वाचन क्षेत्र पूर्वाधार विकास र्काक्रम सञ्चालन कार्यविधि नियमावाली, २०७१ को नियम १४(३) बमोजिम निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समितिबाट अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पेश गर्ने व्यवस्था छ । यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रत्यक्ष तर्फ २ र समानुपातिक तर्फ २ गरी ४ माननीय सभासदज्यूहबाट रु.३ करोड ५२ लाख ४७ हजारका कार्यक्रम संचालन भई खर्च गरेकोमा माननीय सदस्य तथा अनुगमन समितिको अनुगमन प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ ।

६५. **जनसहभागिता:** निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०५८ को बुदाँ ३ (ग) मा यस कार्यालयबाट कम्तिमा २०% जनसहभागिता हुने योजना छनौट र कार्यान्वयन गर्नुपर्नेमा कार्यालयले १०% मा जनसहभागिता जुट्ने गरी योजना सम्झौता गरेको देखियो । यसबाट कार्यालयलाई रु. ५,१३,८३३।- थप व्यय भार परेको देखिएको छ । कार्यालयले जानकारीको अभावमा यस्तो त्रुटि हुन गएको जनाए पनि मौजुदा कानुनको पालना नगरेकोमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जवाफदेहि बनाउनुपर्ने देखिन्छ ।

६६. **बढी भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा खरिद सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजनाको भुक्तानी गर्दा तोकिएको दररेट विश्लेषणमा मिडियम र सफ्ट रकको प्रति घ.मी. रु. १२३.५३ का दरले भुक्तानी गर्नुपर्नेमा मिडियम रकको दर रु. २२२.२१ ले मूल्याङ्कन गरेकोले रु.२,५५,६०९।- बढी मूल्यांकन भई भुक्तानी भएको देखियो । यस सम्बन्धमा बढी दरमा भुक्तानी भएको रकम रु.२,५५,६०९।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

६७. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ । कार्यालयले निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ संचालन गरेको विद्युत विस्तार हिलेदेवी पशुपति उच्च माध्यमिक विद्यालय योजनाको लागत अनुमान तयार गरी मुल्याङ्कन गरेता पनि योजनाको कार्य सम्पन्न प्रतिवेदन बेगर अन्तिम बिल बापत रु.६,८९,५००/- भुक्तानी गरेको पाइयो । नियमावलीको नियम १५५(५) घ बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

६८. **अस्थायी संरचनामा खर्च:** निर्वाचन क्षेत्र पूर्वाधार बिशेष कायंक्रम सचालन कायंविधि नियमावली, २०७१ को नियम ३४ मा परिषद्बाट स्वीक.त भएका तथा अन्य बिभिन्न आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक माननीय सांसदको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत खैरेनीघाट सुनकोशी अस्थायी कल्भर्ट योजनाको लागि रु.११,५९,३१३।- लागत अनुमान भएकोमा रु.९,८५,०००।- भुक्तानी गर्ने २०७२/१०/१७ मा सम्झौता गरी रु. ११,५५,५४१.६३ को

कार्यसम्पन्न पेश गरी रु.९,८१,७४९।- भुक्तानी भएको देखियो । यस योजनामा आर.सि.सि. विम थान-३ ढुवानी गरी रेडिमेड स्टिल क्रसिङ राखी अस्थायी पुल निर्माण गरिएकोमा हाल १ कि.मी. नजिक मोटरेवल पुल बनेकोले उक्त अस्थायी पुल प्रयोगमा नआई डिसमेन्टल गरी राखेको पाइयो । स्थायी रुपमा पुल निर्माणको प्रक्रिया शुरु भइसकेको स्थानमा पुन डिसमेन्टल गर्नुपर्ने गरी अस्थायी पुल निर्माण गरेकोले पूर्वाधारको दिगोपनाको विचार नगरी बजेट खर्च गर्ने गरेको नियमित देखिएन ।

६९. **वितरणमुखी खर्च** : निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०५८ को चौथो संशोधन नियमावली २०७१ को नियम ३ बमोजिम कार्यक्रम छनौट गर्दा आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधि भित्र परेको, श्रममा आधारित, सिचाई, सडक निर्माण, खानेपानी, विद्युतीकरण, सार्वजनिक निर्माणर्सग सम्वन्धित आयोजना तथा आयमूलक तालिम तथा सिप विकास सम्वन्धी आयोजना छनौट गर्नु पर्ने र कुनै गैर सरकारी र्सघ र्सस्था, कुनै राजनैतिक दल वा तिनीहरुका भातृ संघसंगठन, संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । कार्यालयले यस वर्ष निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकम खर्च गर्दा विभिन्न संघसंस्थाहरुलाइं आर्थिक सहायता दिने प्रकृतिको कम्प्युटर, प्लाष्टिक कुर्सी, टेवुल खरिद गरी वितरण तथा लिफ्ट मेशिन जस्ता निर्माण सामग्री खरिद गरी वितरण गरेको देखियो । नमुना छनौटको आधारमा परीक्षण गर्दा ४ जना माननीय सांसदको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत रु.११,३२,७५०/- यस्ता वितरणमुखी कार्यक्रममा खर्च गरेको देखिएकाले नियमको पालना भएको देखिएन । नियमावलीको कार्यान्वयन हुनुपर्दछ ।

७०. **उपभोक्ताको भुक्तानीः** तोकिएको दर बिल्लेषणको आधारमा भुक्तानी हुनु पर्दछ । कार्यालयले नि.क्षे.वि.का./नि.क्षे.पू.वि.का अन्तर्गत बिभिन्न ३ योजनामा उपभोक्ता समितिको दररेट प्रयोग गर्नुपर्ने उपभोक्ता समितिको निर्माण कार्यको माटो कटिङ्गको कार्यमा निर्माण व्यवसायीका लागि विश्लेषण गरिएको दररेटको प्रयोग गरी भुक्तानी गर्नाले रु.५४,४९४/- बढी भुक्तानी गरेको देखियो । यस सम्बन्धमा कार्यालयले जिम्मेवार व्यक्तिलाई जवाफदेहि बनाई सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

७१. स्थलगत अवलोकनः लेखापरीक्षणको क्रममा ४ वटा योजनाको स्थलगत अवलोकन गरेकोमा निम्नानुसार देखियो ।

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम | अवलोकन मिति | अवलोकनबाट देखिएको व्यहोरा |
|---|---|---|---|---|
| १. | फर्पु ३ पुरानागाँउबाट वडा नं. ४ हुदै देवालीथान हुदै सहकारी जोड्ने सडक ट्र्याक ओप स्तरोन्नती कार्य | १२,८०,५००।- | २०७३/११/४ | • नयां ट्र्याक खोल्ने योजना भएकोमा पुरानो सडकबो मर्मत मात्र गरेको,<br>• कागजातमा एउटै देखिएको सडक यथार्थमा फर्पू ३ र ४ गरी छुट्टाछुट्टै २ खण्डमा खण्डिकरण गरेको, पहिरो र जग्गा विवादका कारण यसो भएको उपभोक्ता समितिको भनाइ रहेको ।<br>• चेनेज करिब २+३०० मा खेतको भागमा कटिङ्गको भागमा उचाइ नरहेकोमा पनि परिमाण गणना गरेको देखिएकाले परिमाण पुनः मेजरमेन्ट गरी पेश गर्नुपर्ने ।<br>• चेनेज करिब १+९२० मा चौडाइ करिव ३.५ मिटर मात्र भएकोमा ४ मिटरको मूल्याङ्कन भएको छ । |
| २. | भैरवी निमावि मुनी किरावोटे भ्याकुरे खेला दोभान सडक ट्र्याक ओपन सुनारपानी | ६,८९,५००।- | २०७३/११/२ | • सडक संचालनमा नरहेको।<br>• यथार्थमा जनसहभागिता नजुटेको<br>• डोजरको प्रयोग गरेको |
| ३. | बुद्धिष्ट समाज विकास समिति बुद्धिष्ट समाज हल भवन मन्थली २ | १९,७०,०००।- | २०७३/११/५ | • भवन प्रयोगमा नआएको<br>• खर्च भएको २४ लाख भध्ये जमिन भिरालो भएका कारण टेवा पर्खामा नै १८ लाख खर्च भइ भवन तर्फ कम खर्च भएको । |

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम | अवलोकन मिति | अवलोकनबाट देखिएको व्यहोरा |
|---|---|---|---|---|
| ४. | कल्चौडे बाबुराम स्मृती प्रा.वि थाल्के फलाटे सडक पकरवास | ६,८९,५००।- | २०७३/११/४ | • सडक सञ्चालनमा रहेको ।<br>• डोजरको प्रयोग गरेको ।<br>• कागजी रुपमा सार्वजनिक परीक्षण गरेको र यथार्थमा नगरेको लाभग्राहीको भनाइ रहेको । |

अवलोकनबाट देखिएको व्यहोरामा सुधार हुनुपर्दछ ।

७२. **फ्रिज** : उपेक्षित उत्पिडित दलित वर्ग उत्थान विकास समिति, काठमाण्डौबाट मिति २०७२/१२/११ मा ड्राफ्टबाट आएको रकम रु.५,००,०००।- को कार्यक्रम संचालन गरी सम्पन्न पश्चात लेखापरीक्षणको प्रतिवेदनको प्रतिलिपि र फाँटवारी पठाई पेश्की फछ्र्यौट गर्नु भनी पठाएकोमा कार्यालयले आर्थिक वर्षको अन्त सम्ममा पनि खर्च नगरी कोष खातामा नै राखी राखेको पाइयो । कार्य सम्पन्न नभएको भनी मलेप फानं. १८ भरी आ.व. २०७३/७४ मा रु. ४९६६८०।- खर्च गरेको देखियो । खर्च गरी बाँकी रहेको रकम रु.३२२०।- बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

७३. **कार्यक्रमको उद्देश्य** : सुनौला हजार दिन आयोजना कार्यान्वयन कार्यविधि, २०७० को अनुसूचि-१ को खास क्षेत्रहरुमा १५ प्रकारका कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था छ । कार्यालयको २०७३ बैशाख १७ देखि २१ सम्म बसेको जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकले निम्नानुसारका २५० योजनामा रु ४४७५७३५०।- बजेट स्वीकृत गरेकोमा ३८.८ प्रतिशत योजना स्वास्थ्य र सुरक्षित पानीको प्रयोग तर्फ केन्द्रीत रहेको र सुनौलो हजार कार्यक्रमको खास लक्ष्य हुनुपर्ने क्षेत्रहरु गर्भवती महिलाको कार्यवोझ घटाउने, पर्याप्त तौल खानपिन तथा किशोरी शिक्षा तर्फ २ % भन्दा कम रकम बाँडफाँड गरेको पाइयो । स्वास्थ्य र सुरक्षित पानीको प्रयोगमा पनि अधिकांश योजना धारा निर्माण, पाइप वितरण जस्ता खानेपानी सम्बन्धी नियमित प्रकृतिका योजनामा रु.२०८१८९८८।- विनियोजन भई खर्च गरिनाले आधारभूत रुपमा पानीको पहुँच पुऱ्याउने तर्फ मात्र कार्यक्रम लक्षित देखियो र पानी स्वास्थ्य र सुरक्षित गर्ने विधिको प्रयोग तर्फ केन्द्रीत भएको देखिएन । कार्यविधिको बुदाँ नं. ५ मा उल्लेख कार्यक्रमको लक्ष्य अनुरुप महिला गर्भवती भएको दिन देखि बच्चाको २ वर्ष उमेर सम्मको सुनौलो हजार दिनलाई प्रत्यक्षतः लाभ दिने योजना छनौट र कार्यान्वयन हुनुपर्दछ ।

७४. **कार्य सम्पन्न प्रतिवेदन** : निर्माण कार्य सम्झौता भएका कार्यको निर्माण सम्पन्न भएपछि प्राविधिक मूल्यांकन र कार्य सम्पन्न भएपछि मात्र भुक्तानी गर्नुपर्दछ । सुनौला हजार दिन कार्यक्रमको प्रथम र द्वितिय फेजमा गरेका निर्माण कार्यको कार्य सम्पन्न भएका कार्यहरुको प्राविधिक मूल्यांकन तथा कार्य सम्पन्न पेश विना नै रकम भुक्तानी गरेको देखियो । लेखापरीक्षणको अवधिसम्म गाउं विकास समितिको निर्माण कार्यको प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न पेश नभएकोले सो खर्च सम्बन्धित कार्यमा खर्च भयो वा भएन एकिन हुन सक्ने आधार नदेखिएकोले रु. ५८,०५,६२४/-सो को प्रमाण पेश हुनुपर्दछ ।

७५. **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सुनौला हजार दिन कार्यक्रम तर्फ निम्न गाविस मार्फत चुलो वितरण र सरसफाईको वाल्टीन वितरण गर्दा भरपाई वेगर खर्च लेखेको देखियो । भरपाई वेगर वितरण गरिएका सामाग्री सम्बन्धित व्यक्तिले पायो वा पाएन एकिन हुन सक्ने आधार प्रमाण नदेखिएकोले खर्च रकम रु.२०,७८,४८६/- सम्बन्धमा सम्बन्धित कार्यमा खर्च भएको पुष्टयाई हुने प्रमाण पेश हुनु पर्दछ ।

७६. **स्थलगत अवलोकनः** फर्पु गाविसको वडा नं. १ को विद्यालय सरसफाई कार्यक्रमको रु. १,००,०५४।- खर्च भएकोमा स्थलगत निरीक्षण गर्दा ५०० लिटरको ट्यांकी नीजि घरमा प्रयोग

गरेको, १६ एम.एम. को पाइप गाडेको र पुरानो ट्यांकीबाट पाइप जोडी ल्याएको भन्ने कुरा स्थानीय वासीको रहेकोले इनटेक ट्यांकी निर्माण नगरी खर्च गरेको तथा धारा जडान नगरेको भन्ने आधार देखिएकोले सो सम्बन्धमा कार्यालयबाट यस सुनौलो हजार कार्यक्रमको सम्पूर्ण स्थितीको छानविन गरी जिम्मेवार व्यक्तिलाइ जवाफदेही बनाई छानविनको प्रतिवेदन पेश गर्नुपर्दछ ।

७७. **भत्ता खर्च** : कुनै पनि कार्यक्रम संचालन गर्दा नर्म्समा तोकिएको खर्च शीर्षक बाहेक अन्य शिर्षकमा खर्च लेख्न मिल्दैन । एक आईटी अधिकृतलाई गरीव घर पहिचान गुनासो सुनुवाई कार्यशाला गोष्ठि संचालन गर्न दिएको पेश्की रु ५,००,०००।- फछ्र्यौट गर्दा नर्म्समा नतोकिएको भत्ता वितरण गरेको देखियो । यसरी नतोकिएको भत्ता रकम रु. ६२,०००/- खर्च लेख्न नमिल्ने हुंदा सम्वन्धित व्यक्तिबाट असूल हुनु पर्दछ ।

७८. **बीमा** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० मा दशलाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायिले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार प्लान्टको बीमा गराउनु पर्ने उल्लेख छ । एक निर्माण व्यावसायीको पकरवास गाल्वा सडकमा ग्राभेलिँग गर्ने कामको प्रथम रनिङ्ग विल रु ७६७६२४५।०० मध्ये बीमाको रु ६६८०४०।- भूक्तानी गरेको पाइयो । निर्माण व्यावसायीसंग सन २०१५ नोभेम्वर ९ मा ठेक्का संभ्mौता भएकोमा सो संभ्mौता मिति भन्दा ३ महिना ढिलो अवधिको विमा पेश भएको छ । घटी अवधिको बिमा प्रमाण पेश भएकोले दामासाहीले हुने घटी अवधीको रु.२,१०,२२१/- असुल हुनुपर्दछ ।

७९. **असुल** : गाइखुर भटौली सडकको (चेनेज २+७०० देखि ४+ ३२८) सम्म) अन्तिम विल भूक्तानी भएकोमा आइटम नं. ६.२ बेन्डिङ फर स्टोन पिचिङ्ग कामको २२.८४ घ.मी.को प्रति घ.मी. दर रु ५००।०० ले रु ११४२०।०० भूक्तानी गरेको पाइयो । नापी अनुसार उक्त कामको परीमाण जोडजम्मा गर्दा १९.२४ घ.मी. मात्र हुनुपर्नेमा २२.८४ घ.मी. को भूक्तानी भएकोले बढी परीमाण ३.६ घ.मि. को दर रु ५००।०० को मूल्य अभिवृद्धि कर समेत रु.२,०३४/- असुल हुनुपर्दछ ।

८०. **बढी भुक्तानी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ (१) (ख) मा रनिङ विल वा अन्य कुनै विजकको भूक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भूक्तानी गर्नु पर्ने उल्लेख छ । सडक कटिङको काम उपभोक्ता समिति मार्फत गराएकोमा एउटै सडक खण्डको चेनेज दोहोरिएको र चेनेजको लम्वाई फरक परी रु.४३,५८९/१२ बढी भूक्तानी भएको पाइयो । नापीमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा विल रकम भूक्तानी गर्नुपर्नेमा बढी परिमाणको भूक्तानी भएको पाइएकोले उक्त रकम असूल हुनु पर्दछ ।

८१. **सामाजिक सुरक्षा कार्यक्रम** : यस जिल्लाको गत वर्षको जनगणना २०६८ अनुसार कुल जनसंख्या २,०५,३१२ भएकोमा यो जि.वि.स.मा सामाजिक सुरक्षा कार्यक्रमतर्फ अख्तियारी आएको रु.१९ करोड २३ लाख ८२ हजार ६८० अख्तीयारी प्राप्त भएकोमा ४५ गाविस र २ नपा गरी ४७ निकायको लागि रु.१९,१४,४५,१५०/- भत्ता वितरण भएको छ । सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

८१.१. सामाजिक सुरक्षा कार्यविधी, २०६९ को बिभिन्न व्यवस्था पालना नभएको स्थिति निम्नानुसार रहेको छ । कार्यविधिको व्यवस्था अनुसार भत्ता वितरणको मुचुल्का नगरेको, सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन नगरेको, बालबालिकाको जन्म मिति लगतमा उल्लेख नगरेको, परिचय-पत्र लिने र सोको अनिवार्य रुपमा नविकरण नगराएको जस्ता अबस्था देखिएका छन ।

८१.२. यो बर्ष ५ औं र १० औं वढी निकासा भएका २ गाउं विकास समितिको भत्ता वितरणको भरपाई र अभिलेख परीक्षण गर्दा जेष्ठ नागरिकको लगतमा नभएका व्यक्तिको नाम भरपाई पेश भएकोले सम्वन्धित लाभग्राहि को लगत र भरपाई हो भन्न सकिने अवस्था रहेन । अतः जिल्लाका सवै गाउं विकास समितिको अभिलेख तथा भरपाईको सम्वन्धमा यकिन गरी छानविन गर्नु पर्ने देखिन्छ । लगतमा नाम नभएका व्यक्तिले पाएको रकम रु.७२०००/- छानविन गरी असूल गर्नु पर्दछ ।

८१.३. लखनपुर र गुन्सी गाउं विकास समितिको बालसंरक्षणको लगतबुकमा वालवालिकाको जन्ममिति नराखी लगत बनाइएको छ । ती गाउं विकास समितिहरुमा क्रमशः ४५ र ५१ बालबालीकालाई रु ८०० को दरले क्रमशः रु ३६०००।०० र रु.४०,८००।०० भता वितरण गरेको छ । ति वालवालिका भत्ता पाउने उमेरका  हुन वा होइनन यकिन हुन नसकेकोले सो को प्रमाण पेश हुनु पर्दछ अन्यथा असुल हुनुपर्दछ ।

८१.४. गेलु गाविस र गुन्सि गाविसका बिभिन्न व्यक्तिको लगतमा नाम समावेश नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरीएको रु.१,७२,६००/- असुल हुनु पर्दछ ।

८१.५. **अनुगमन लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकारी प्राप्त अधिकारीको हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु २५ करोड १० लाख ५३ हजार रहेको छ । कार्यालयले बाँकी बेरुजु समयमै फछ्र्यौट गर्नुपर्दछ ।

**युनिसेफतर्फ**

८२. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने व्यबस्थाको मूल्यांकन गर्दा यूनिसेफ बाट प्राप्त भई खर्च गर्नुपर्ने सवै रकम खर्च गर्न नसकि बाकि रहेको, कार्ययोजना बनाई खर्च गरेको, विल भरपाईमा 'पेड फ्रम युनिसेफ ग्रान्ट' भन्ने छाप नलगाएकोजस्ता व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

८२.१. कार्यक्रम संचालनको लागि रु. ९६७५७४८६।- प्राप्त भएकोमा रु. ६३९००११५।- खर्च भएको छ । खर्च गरी बाँकी रहेको रकम रु.३,२८,५७,३७१।- युनिसेफमा  फिर्ता गरेको छैन । उक्त रकम फिर्ता हुनुपर्दछ ।

८२.२. पेश्कि दिंदा अनुमानित खर्चको फाँटवारी संलग्न गरेको देखिएन । यसरी अनुमानित खर्चको फाँटवारी पेश नगर्दा खर्चमा अनियमिता हुनसक्ने संभावना हुन्छ । तसर्थ पेश्कि दिंदा अनुमानित खर्चको फाँटवारी पेश गराउनु पर्दछ ।

८२.३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की रकम तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएको पेस्की रु. ६,०१,१४,०००/- नियममा व्यवस्था भए अनुसारको प्रक्रिया पुरा गरी असुल फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आर्थिक विवरण** : एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत रु. ५,२९,१०,०००।- विनियोजनमध्ये रु.५,०६,८६,९९१।७५ खर्च भएको आर्थिक विवरणमा उल्लेख गरिएकोमा बाल स्वास्थ्य कार्यक्रम

अन्तर्गत दादुरा र रुबेलातर्फको बजेट रु.३५ लाख खर्च देखाएको छ। सो कार्यक्रमको लागि सोझै ड्राफ्ट मार्फत रु.३४,५८,०७५।- प्राप्त भइ सोही बमोजिम खर्च भएको देखिएकोले रु.४१,९२५।- बढी बजेट खर्च देखाई कार्यालयले सोझै खर्च रकमको यथार्थ अभिलेख प्रस्तुत नगरेका कारण कोष तथा लेखा नियन्त्रक कार्यालयलबाट बजेट रकमलाई नै सोझै खर्च अन्तर्गत निकासा तथा खर्च जनाइएको कार्यालयले जनाएको छ। यसबाट प्रस्तुत आर्थिक विवरणले सहि र यथार्थ चित्रण गरेको छैन। यथार्थ खर्चको आधारमा मात्र आर्थिक विवरण तयार हुनुपर्दछ।

१.१. **औषधि भण्डार परीक्षण -** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने वाक्यांश अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका मध्ये बढि खपत हुने १० प्रकारका औषधि तथा सर्जिकल सामानहरुको २०७३।११।१ मा भण्डार परिक्षण गर्दा १ वटामा केहि उल्लेख नभएको, ४ वटामा **"नेपाल सरकारबाट निःशुल्क वितरणका लागि"** भन्ने वाक्यांश उल्लेख भएको, एक वटामा 'Supply for MOHP', एक वटामा 'For Supply only- Not for sale', एक ओटामा 'Instuition Supply only' उल्लेख भएको तथा २ वटामा 'MOHP Not for sale Supply' उल्लेख भएको पाइयो। जुन स्वीकृत लोगो भन्दा फरक देखिन्छ। सबै औषधि तथा सर्जिकल सामानहरुमा तोकिए बमोजिमको वाक्यांश अनिवार्य रुपमा लगाउनुपर्ने देखिन्छ।

२. **औषधिको मौज्दात** : कार्यालयबाट प्राप्त २०७२।७३ को आषाढ मसान्तसम्मको २० प्रकारका औषधिको जिन्सी खाता बमोजिमको बाँकी १६ थरी औषधिको विश्लेषण गर्दा तोकिएको परिमाणमा ओषधि स्टकमा राखिएको पाईएन। २ थरी औषधि स्वीकृत मौज्दात परिमाणको लेबल (ए.एस.एल) भन्दा बढी परिमाणमा स्टकमा देखियो भने ५ थरी औषधि आकस्मिक माग विन्दू परिमाण ( ई.ओ.पि.)भन्दा घटि स्टकमा रहेको देखियो। निःशूल्क स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्न तोकिएको मौज्दात परिमाण स्टकमा राख्न कार्यालयको ध्यान जानुपर्दछ।

३. **खरिद औषधिको म्याद -** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम औषधि खरिद गर्दा १८ महिना अवधि भएको हुनुपर्ने, कुनै औषधिको म्याद सकिने अवधि १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा सेल्फ लाइफको ७५% म्याद बाँकी हुँदा स्टोर दाखिला गर्न सकिने र औषधिको म्याद समाप्त हुने समस्यालाई घटाउदै लैजाने नेपाल सरकारको नीति रहेको छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुमध्ये ४ प्रकारका औषधिहरुको म्याद परीक्षण गर्दा १ प्रकारको औषधिको म्याद गुज्रेको र ३ प्रकारका औषधिको म्याद कम भएको देखियो। कार्यालयले तोकिएबमोजिमको म्याद बांकी रहेको औषधि मात्र खरिद गर्ने र तालुक निकायले समेत म्याद भएका औषधि हस्तान्तरण गरी पठाउने व्यवस्था गर्नुपर्दछ।

४. **पेश्कीको विवरण** : आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ७४(१) मा सरकारी कामकाजको निमित्त पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यस्को विवरण पेश गर्नु पर्ने व्यवस्था छ। कार्यालयले सरकारी कामको लागि दिएको केहि पेश्कीमा कुन कामको निमित्त के कति रकम चाहिने हो सो को नर्म्स वमोजिमको विवरण बेगर रु. १५,७४,९५०/- पेश्की दिएको देखियो। नर्म्स बमोजिमको तेरिज नलिई पेश्की मात्र दिने प्रचलनमा सुधार हुनु पर्ने देखिन्छ।

५. **पेस्की फछ्र्यौट** : आर्थिक कार्याविधि ऐन २०५५ को दफा १६(२) बमोजिम लेखापरीक्षणको लागि स्रेस्ता पेश गर्नु पर्दछ । यस वर्ष कार्यालयले विभिन्न कर्मचारीहरुको नाममा रहेको पेश्कि विभिन्न मितिमा कार्यालयको पत्रको आधारमा रु.४,३७,०००।- फछ्र्यौट गरेको छ । पेश्कि फछ्र्यौटको सक्कल स्रेस्ता लेखापरीक्षणको लागि पेश नभएकोले पत्रको आधारमा पेश्कि फछ्र्यौट गर्न मिल्ने देखिएन ।

६. **बिल भरपाइ बेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सम्बन्धित बजेट शिर्षकमा खर्चको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले रु. ३,१५,०२२।- को आवश्यक विल भरपाई वेगर खर्च लेखेको देखियो । उल्लेखित विल भरपाई कागजातहरु पेश हुनु पर्दछ ।

७. **मु.अ.कर दर्ता नभएका संग कारोवार** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सरकारी कार्यालयले रु.५००० भन्दा बढी रकमको मू.अ.क.लाग्ने खरिद मू.अ.कर मा दर्ता भएकासंग मात्र खरिद गर्नुपर्ने ब्यबस्था छ । यस बर्ष खरिद गर्दा मू.अ.करमा दर्ता नभएका आपूर्तीकर्ता तथा निर्माण ब्यबसायीसँग रु. २,५९,१९०।- खरिद कार्य गरेको देखियो । प्रचलित कानुनमा भएका ब्यबस्थाको अनुसरण गर्ने तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ ।

८. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ मा अग्रिम आयकर कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न बजेट शिर्षकमा बिभिन्न गोश्वारा भौचर र मितिबाट सेवा शुल्क भुक्तानी गर्दा रु. ५६,९९१/- घटी अग्रीम कर कट्टी गरेको रकम असुल गर्नुपर्दछ ।

९. **यातायात खर्चः** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्य विधिको पृष्ठ १२६ मा सहभागीको भ्रमण खर्च सम्वन्धमा आतेजाते खर्च सार्वजनिक यातयात चल्ने स्थानमा (वस) वापतको भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिन सम्मको एक मुष्ट रु २००।०० भाडा पाउने उल्लेख छ । कार्यालय प्रमुखहरु सहभागी भएको मन्थलीमा सञ्चालित कार्यक्रममा सहभागीलाई आतेजाते खर्च उल्लेख गरी प्रति सहभागीलाई रु ४००।०० ले भूक्तानी गरेको पाइयो । कार्यक्रम संचालन हुने ठाउँ र कार्यालयको दूरी एक कि.मी. भित्र रहेकोले यातायात साधन प्रयोग गर्नु नपर्ने अवस्थामा बिभिन्न गो.भा.नं. र मितिमा यातायात खर्च बापत रु. ६२,५००/- भूक्तानी भएको पाइएकोले उक्त रकम असूल हुनु पर्दछ ।

१०. **दादुरा खोप** : यस कार्यक्रमका लागि मन्त्रालयबाट स्विकृत कार्यक्रममा ५ बर्ष मूनीका २५,०९३ जना बालबालिकाको लक्ष्य तोकि रु. ३५ लाख विनियोजन भएकोमा जिल्ला स्वास्थ्य कार्यालयबाट पेश भएको प्रगती विवरणमा १७,५२६ जना लक्ष्य तोकिएको र १३,३३७ जनाले सेवा प्राप्त गरी ८६ प्रतिशत कभरेज भएको देखाएता पनि यो संख्या केन्द्रको लक्ष्यको तुलनामा ५३.१५ प्रतिशत मात्र हुन आउँछ । साथै कार्यालयले देखाएको र केन्द्रीय तथ्याङ्क बिच ७५६७ जना बालबालिकाको संख्या फरक रहेको र बढी संख्याको लागि बिभिन्न आधार लिइ विनियोजित बजेट कम संख्याको प्रगति हासिल गर्दा समेत पुरै खर्च भएको देखिएको छ । यसरी तथ्याङ्कमा भएको फरक सम्बन्धमा यथार्थ पत्ता लगाइ सही लक्ष्यको आधारमा स्रोत तथा जनशक्ती परिचालन हुनुपर्ने देखिन्छ ।

११. **फरक तथ्याङ्कको आधारमा खर्च** : बाल स्वास्थ्य महाशाखाले प्रषित गरेको १-१५ बर्ष सम्मको जापनिज इन्सेफ्लाइटिसको लक्ष्य जनसंख्या ७०,४६२ लाई भ्याक्सिनेशन गर्न ६५० म्यान्डेज तोकि प्रति रु. ६००।- का दरले रु. ३,९०,०००।- बजेट बिनियोजन भएको देखिन्छ । कार्यालयले HMIS तथ्यांकको आधारमा ५७,७७६ लक्ष्य तोकिएको भए तापनि ५९५०८ लाइ भ्याक्सिनेशन गरेको

विवरण पेश गरेको छ । बजेट विनियोजन गर्दा बढी तथ्याङ्कको आधारमा विनियोजन भएको, कार्यालयले नर्म्स बमोजिम हुने ४६३ म्यानडेजले रु.२,७७,२००। को सिमामा रहि खर्च गर्नुपर्नेमा रु. ३,९०,०००।- भुक्तानी गरेकोले रु.१,१२,८००।- बढी खर्च भएको देखियो । सहि तथ्याङ्कको आधारमा बजेट विनियोजन गर्ने र नर्म्सको पालना गरी मितव्ययि ढंगले खर्च गर्नुपर्दछ ।

१२. **बजेट भन्दा बढी खर्च :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा ६(४) मा स्वीकृत बजेट भित्र रहेर प्रचलित कानून बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । बाल स्वास्थ्य तथा पोषण कार्यक्रमतर्फ स्वीकृत बजेट तथा कार्यक्रममा तोकिएको कम्पोनेन्टवाइज बजेटको सीमा नाघी खर्च गरेको देखियो । बजेटको सीमा नाघी रु.८,६६५/- खर्च गरेको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

१३. **व्ययभार :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्प्रर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यो वर्ष ३ पटक सोझै, बोलपत्र मार्फत १ पटक र शिलबन्दि दरभाउपत्रको आधारमा २ पटक गरी रु ५० लाखको औषधि खरिद गरेको छ । एउटै प्याकेज वनाई आवश्यकनुसारको सवै औषधि बोलपत्रबाट खरिद गर्नुपर्नेमा पटक पटक गरी खरिद गरेको पाइयो । यसबाट एकै प्रकारको औषधिमा फरक फरक दरबाट भूक्तानी भएको देखिन्छ । खरिद विवरणबाट टेण्डरको तुलनामा सोझै खरिद प्रकृया प्रति इकाई लागत बढी देखिन्छ । सिप्रोफ्ल्याकसन ट्याबलेट २५० मिलिग्रामको टेण्डरबाट प्रति इकाई रु ०।१ मा खरिद भएकोमा सोही औषधि सोझै खरीद गर्दा प्रति इकाई रु ५।० ले ५००० ट्याबलेटको रु २५०००।०० भूक्तानी भएको पाइयो । त्यस्तै ओ.आर.एस. बोलपत्रमार्फत प्रति इकाई रु ५।९० ले खरिद भएकोमा सोही औषधि सोझै खरिद गर्दा प्रति इकाई रु १०।० ले ८६०० परीमाणको रु ८६०००।०० भूक्तानी भएको छ । कार्यालयलाई आवश्यक औषधि एकै पटकमा टेण्डर मार्फत खरिद नगरी सोझै खरिद गर्दा सिप्रोफ्ल्याकसन/ ओ.आर.एस. औषधि टेण्डरको दर रेटको तुलनामा रु४.९० ले बढी दररेटमा खरिद भएको छ । अतः बढी दरवाट खरिद सिप्रोफ्लाक्सन ५००० ट्यावलेटको रु ४.९० ले २४५००।०० र ओ.आर.एस.औषधि ८६०० को रु.४.९० रु ४२१४०।०० समेत रु ६६६४०।०० बढी व्ययभार परेको देखिन्छ ।

१४. **गुणस्तर परीक्षणः** औषधि खरिद गरेकोमा संझौताको शर्त ३ मा कार्यालय हाताभित्र ल्याई पुऱ्याएको सामान प्राविधिक स्पेशिफिकेशन अनुसार गुणस्तर छ, छैन निरीक्षण तथा परीक्षण गरी भूक्तानी गर्नु पर्ने उल्लेख छ । बि.ओ.क्यू. मा उल्लेख भए अनुसार गन्ति गर्दा औषधि परीमाण प्राप्त भएको प्रतिवेदन लिएको पाइयो । तर संझौताको शर्त अनुसार स्पेशिफिकेशन बमोजिम गुणस्तर भएको गुणस्तर परीक्षण गरेको पाइएन । यसले खरिद भएका औषधि गुणस्तर भएको विश्वस्त हुने आधार भएन ।

१५. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ११(२) मा लागत अनुमान तयार गर्दा विगतको वास्तविक लागतलाइ समेत आधार बनाउनुपर्ने व्यवस्था छ । कार्यालयले व्यवस्थापन सूचना प्रणाली तथा अस्पताल विकास समितितर्फ मेडिकल औजार तथा उपकरणको खरिदमा रु. २० लाखको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट रु.१९,९०११५।- रहेको खरिद सम्झौताबाट बस्तु खरिद गरेकोमा बिगतको यथार्थ लागतको आधार समेत लिनुपर्नेमा सो नलिइ ३ वटा फर्मको दररेट लिइ लागत अनुमान तयार गरेको तथा पानी ट्याङ्की -१००० लिटर, इस्त्री, इन्टरनेटको तार तथा टेलिफोन सेट जस्ता रु.१,९३,२७५/- का असम्बन्धित आइटम समेत राखेर लागत अनुमान तयार गरी खरिद गरेको देखियो । सम्बन्धित फर्मले आफ्नो उद्देश्य अनुरुप नियमित आपूर्ती गर्न सक्ने बस्तु बाहेकको असम्बन्धित आइटमलाइ बिल अफ क्वान्टीटीमा राख्दा

यस्ता आइटममा प्रतिष्पर्धा नहुने तथा आपूर्तीको माध्यम थप हुन गइ थप लागत बढ्न जाने भएकाले यस्ता आइटमलाइ छुट्टै सूचना तथा खरिद प्रक्रियाद्धारा खरिद गरिनुपर्ने देखिन्छ ।

१६. **नर्म्सको पालना** : बाल स्वास्थ्य महाशाखाको तोकिएको बिभिन्न नर्म्स पालना नगरी बिभिन्न कार्यक्रम संचालन गर्दा नर्म्स भन्दा बढी खर्च गरेको देखियो । कार्यालयले नर्म्सको पालना गर्नुका साथै बढी भुक्तानी भएको रकम रु. ३९,९००/- असुल उपर गर्नुपर्दछ ।

१७. **अमानतबाट निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा रु १ लाख सम्म लागत अनुमान भएको कार्य मात्र अमानतबाट तालुक निकायको पूर्व स्वीकृती लिएर गराउन सकिने उल्लेख छ। कार्यालयले ब.उ.शि.नं. ३७०८०४४ बाट रु.२३,६५,५००/- को स्वास्थ्य चौकि निर्माण तथा मर्मतका कार्य कर्मचारीलाई पेश्की दिई अमानतबाट गराएको पाइयो । महाभुकम्पका कारण तत्काल पुनर्निर्माण गर्नुपर्ने भएकोले स्वास्थ्यचौकीको भवन निर्माणको कार्य सम्बन्धित इन्चार्जलाइ पेश्की दिइ गराएको जनाएको छ । लेखापरीक्षणका क्रममा प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवदेन तथा बिल भरपाइ पेश भएको भएता पनि नियमावलीले तोकेको सीमा भन्दा बढीको निर्माण कार्य अमानतबाट गराई भुक्तानी दिएको रु. २३,६५,५००/-नियमित देखिदैन ।

१८. **थप व्ययभार** : सि.अ.ह.ब. दर्जाको एक कर्मचारीलाई स्वास्थ्य चौकी भवन मर्मत बिजुलीकोट-१ धोवीको भवन निर्माणका लागि रु. ३,३२,०००।- पेश्की दिइएकोमा रु.३,१५,६६०।२९ को प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भई कार्यालयले रु. ३,३२,०००।- नै पेश्की फछ्र्यौट गरेकोले रु. १६,३३९।७१ बढी भुक्तानी भएको देखियो । कार्यालयले बिल भरपाईको आधारमा सम्पूर्ण रकम पेश्की फछ्र्यौट गरेको जनाएता पनि निर्माण कार्यको प्राविधिक मूल्याङ्कन बमोजिम नै भुक्तानी गर्नुपर्ने भएकोकाले सामग्री खरिदको बिल भरपाइको आधारमा मूल्याङ्कन भन्दा बढी रकम भुक्तानी हुन सक्ने देखिदैन । यसबाट कार्यालयलाई थप व्ययभार परेको देखिएकाले उक्त रकम रु. १६,३४०/-असुल हुनुपर्दछ ।

१९. **फरक शीर्षकबाट भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शीर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ। कार्यालयले यो वर्ष २४ घण्टे बर्थिङ्ग सेन्टरमा कार्यरत नर्स तथा डाक्टरहरुलाई सट्टा विदाको भत्ता भूक्तानी गर्दा खर्च शि.नं. २१११९ (अन्य भत्ता) बाट खर्च लेख्नु पर्नेमा खर्च शि.नं. २११११ ( तलव) वाट खर्च लेखेको छ । सम्वन्धित शिर्षक वाट खर्च नलेख्दा आर्थिक अनुशासन कायम नहुनुका साथै वजेट वर्गिकरण र व्याख्या विपरीत देखिन्छ । नियम विपरीत लेखेको खर्च रकम रु. १५,१४,८१०/- नियमित देखिदैन ।

२०. राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन निर्देशिका, २०७२ को बुँदा १४ मा एच.आइ.भी. संक्रमितहरुलाई ए.आर.टी. सेन्टर स्थापना गर्ने व्यवस्था गरिएको र सोही बमोजिम स्विकृत कार्यक्रममा रु.६,४०,०००।- बजेट मध्ये क्रियाकलाप नं. ५५ मा ए.आर.टी. कप्रिहेन्सीब सेवा विस्तार (गुणस्तर परीक्षण) कार्यक्रममा रु. ६ लाख विनियोजन गरिएकोमा कार्यालयले उक्त रकमबाट रु.२,४९,८३०।- कम्प्युटर, प्रिन्टर, ल्यापटप, मोटरसाइकल मर्मत जस्ता उपकरण खरिद तथा उपभोग खर्च गरी कार्यालयमा प्रयोग गरेको र ए.आर.टी. सेन्टर स्थापना गरेको देखिएन । कार्यक्रम बमोजिम खर्च गरी लक्षित सेन्टर स्थापना हुनुपर्दछ ।

२१. **नर्म्स** : स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रमको आन्तरिक नियन्त्रण कार्यविधि, २०७१ को बुँदा नं. १० मा प्रशिक्षक भत्ताको गाउँस्तरमा सहायकस्तर कक्षा संचालन बापत रु. ४५० र

मसलन्द बापत रु. २,५००।- नर्म्स तोकिएकोमा उक्त नर्म्स भन्दा बढी रु.३५,४००/- भुक्तानी भएको देखियो । उक्त रकम रु. ३५,४००/- असुल हुनुपर्दछ ।

२२. **तोकिएको कार्य नगरेको** : स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रमको क्रियाकलाप नं. ६ मा स्थानीय टेलिभिजन/अन्य टेलिभिजन माध्यमबाट १२ पटक स्वास्थ्य सूचना प्रवाह गर्ने कार्यक्रम रहेकोमा नेपाल टेलिभिजनका एक कर्मचारीलाई टेलिभिजन कार्यक्रम उत्पादनका लागि रु. २५,०००।- भुक्तानी गरिएकोमा उक्त कार्यक्रम नै तयार गरेको देखिएन । तोकिएको कार्य नगरी भुक्तानी गरिएको रकम रु. २५,०००/- असुल हुनुपर्दछ ।

२३. **सहभागी भत्ताको नर्म्स** : राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्यक्रम संचालन निर्देशिका तथा बजेट खर्च गर्ने निर्देशिका २०७२।७३ को अनुसूची-१ मा उल्लेखित आर्थिक सुबिधाको मापदण्डमा सहभागी भत्ता बापत प्रति सहभागी रु. ४५०।- भुक्तानी गर्न सक्ने व्यवस्था भएकोमा एक ज.स्वा.अ.को रु.३,००,०००।- पेश्की फछ्र्यौट गर्दा पेश भएको भरपाईमा ७ स्थानमा संचालन गरिएको संक्रमण नियन्त्रण तालिममा सहभागी ७८ जना सहभागीलाइ नर्म्स बमोजिम रु. ३५,१००।- भुक्तानी गर्नुपर्नेमा रु. ३९,०००।- भुक्तानी गरेको देखिएकोले नर्म्स भन्दा बढी भुक्तानी भएको रु. ३,९००।- असुल हुनुपर्दछ ।

२३.१. कार्यक्रम संचालन निर्देशिका २०७२।७३ अनुसार परिवार नियोजन कार्यक्रमतर्फ घुम्ती क्याम्पको प्रति क्याम्पमा रु. १५०० का दरले खाजा खर्च गर्न पाउने व्यवस्था छ । कार्यालयले ११ वटा क्याम्प संचालन गर्दा रु.१,५००।- का दरले रु. १६,५००।- खर्च गर्न पाउनेमा रु. ३१,५००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु. १५,०००।- असुल हुनुपर्ने देखिन्छ ।

२३.२. अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, कार्यक्रम सञ्चालन निर्देशिका, २०७० को ७.१.१५ मा सवै प्रकारका तालीम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा सहभागीता भत्ता एवं भ्रमण खर्च को व्यवस्था गरेको छ । यस कार्यालयले विभिन्न कार्यक्रममा नर्म्स भन्दा रु. ८,५९०/- बढी भुक्तानी गरेको देखियो । अतः कार्यालयले नर्म्सको पालना गर्नुका साथै बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ ।

२४. **दोहोरो भत्ता भूक्तानी** : तालिम, गोष्ठिमा स्वीकृत नर्म्स अनुसार दैनिक भत्ता, यातायात खर्च आदि खर्चको मापदण्ड तोकिएको छ । कार्यालय बाट विभिन्न कार्यक्रम संचालन भएकोमा एकै अवधिको दुई ठाउँको कार्यक्रमबाट भत्ता भूक्तानी गरेको पाइयो । २ जना पदाधिकारीलाई दोहोरो भत्ता भूक्तानी गरेको पाइएकोले रु.११,२००/-असूल हुनुपर्दछ ।

२५. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम निर्माण व्यवसायीको धरौटि रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न निर्माण व्यवसायीलाई कर विवरण पेश गरेको कागजात बेगर रु.३,४१,९४३/९४ धरौटि फिर्ता गरेको देखियो । कार्यालयबाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धी कर रु. ३,४१,९४३/-समायोजन भएको विवरण पेश गर्नुपर्नुपर्दछ ।

२६. **रिटेन्शन मनि** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२३ (४) अनुसार खरीद सम्झौतामा रिटेन्सन मनि कट्टा गर्नु नपर्ने व्यवस्था गरेकोमा बाहेक उपनियम (१) बमोजिम सार्वजनिक निकायले भुक्तानी गर्दा बिजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी

राख्नुपर्ने व्यवस्था छ । आपूर्तकबाट बिभिन्न निर्माण तथा बस्तु खरिद बापत रकम भुक्तानी गरिएकोमा नियमानुसार पाँच प्रतिशत रकम रु.१,३७,६२६/- कट्टा गरी राखेको पाईएन । सम्झौता बमोजिम कार्य भएको भनि कार्यालय सन्तुष्ट भए पश्चात धरौटी फुकुवा हुने गरी घरौटी कट्टी गर्ने व्यवस्था हुनुपर्दछ । धरौटी कट्टी नगरी पुरै रकम भुक्तानी दिएको नियमित देखिदैन ।

२७. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की गएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले दिएको पेश्की रकम आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएकोले बांकी रु.२,५०,०००।-नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिन्छ ।

२८. **सम्परीक्षण** : आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणबाट औल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार ब्यक्तिको हुने तथा दफा १९ मा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औल्याइको बेरुजुको सम्बन्धमा सो बेरुजुको सुचना प्राप्त भएको ३५ दिन भित्र सम्बनधित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने ब्यबस्था छ । यस बर्ष कार्यालयले बेरुजु रु १,६८,४२८। फछ्र्यौट गरी संपरीक्षणका लागि पेश गरेकोमा रु. १,६८,४२८। संपरीक्षण गरी जानकारी दिइएको छ ।

## जिल्ला शिक्षा कार्यालय

### १ आन्तरिक नियन्त्रण तथा नियमको पालना

१.१ विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नबनाएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन नलिएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नभएको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको छैन, कार्यालयले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको र सरकारी निकायबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्याशालागोष्ठी आदि सञ्चालन गर्नु पर्दा कार्यक्रम तथा लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्ने व्यवस्था भएकोमा नगरेको, आर्थिक कारोवारको अनुसूची १४ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, राजश्व आम्दानी गर्दा दैनिक राजश्व आम्दानी खाता नराखेकोले आम्दानी देखाएको रु. १,१८,३१,३९५।००को यथर्थता एकिन नभएको, २ ब.उ.शि.नं. मा रु. ४० लाख १० हजार बर्षान्तमा अख्तियारी प्राप्त भएको  जस्ता व्यहोराहरु देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छः

१.२ शिक्षा नियमावली ,२०५९ को नियम १७१ को उपनियम  ५ र नियम १७२ बमोजिम विद्यालयहरुको लेखापरिक्षण प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा प्राप्त हुनुपर्ने देखिन्छ ।  जिल्लामा मा.वि., नि.मा.बि. र प्रा.वि.को लेखापरीक्षण हुने विद्यालयहरुको सख्या ४४२ रहेकोमा मात्र १७६ विद्यालयलहरुले आ.व.२०६९।०७० देखि आ.व.२०७१।०७२ सम्मको लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको र बांकी २६६ विद्यालयलहरुले लेखापरीक्षण  प्रतिवेदन पेश गरेको पाइएन ।  यो बर्ष ४४२ बिद्यालयलाई लेखापरिक्षण शुल्क बापत ३२,३३,०००।०० भुक्तानी भएको छ । ठूलो रकम वर्ष पिच्छे लेखापरीक्षणको लागि विद्यालयको खातामा निकास हुदै जाने र विद्यालयले ३,४ वर्ष

सम्म पनि लेखापरीक्षण नगर्ने हुदा कार्यालयले यसलाई गम्भिरतापूर्वक लिई समयमा नै लेखापरीक्षण गराउनेतर्फ ध्यान जानुपर्ने देखिन्छ । बिभिन्न विद्यालयहरुको विभिन्न आ.व.को १० लेखापरीक्षण रीपोट नमुना छनौट गरी प्रतिवेदन अध्ययन गर्दा पारीश्रमिक, सामाजीक कर जस्ता कुराहरु कट्टा गरी समयमा दाखिला गरेको देखिएन । तसर्थ, निकासा लिने दिने दुवैले लेखापरिक्षण प्रतिवेदन नियमावलीले तोको वमोजिम लिनु दिनु अनिवार्य हुनु पर्दछ ।

१.३ प्रथम चौमासिक निकासा दिँदा विद्ययालयको सामाजिक लेखा परीक्षण र तेस्रो चौमासिक निकासा दिँदा वित्तीय लेखा परीक्षण प्रतिबेदन अनिवार्यरुपमा लिनुपर्ने व्यबस्था भएकोमा कार्यालयले जिल्ला स्थित ४४२ विद्ययालयलाई प्रथम र तेस्रो चौमासिक निकासा दिँदा सामाजिक एवं वित्तीय लेखा परीक्षण प्रतिबेदन नलिई निकासा दिइएको छ । कार्यालयले उक्त निर्देशिका पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने देखिन्छ ।

१.४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० तथा नियम २५ मा कर्यक्रमको प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सोही नियम बमोजिम प्रगति विवरण तयार गरेकोमा बिभिन्न ७ कार्यक्रमको भौतिक प्रगति लक्ष्यको तुलनामा १३ देखि ६४ प्रतिशत सम्म घटि रहेको पाइयो । आधारभूत शिक्षामा रु १९ लाख ९५ हजार वजेट व्यवस्था भएकोमा रु १३ लाख ५ हजार मात्र खर्च भएको पाइएकोले घटि खर्च भएको कारणबाट प्रगति कम देखिन्छ । त्यसैगरी अपाङ्ग विद्यार्थी छात्रवृति, दलित र द्वन्द्वपीडित छात्रवृति लक्ष्यको तुलनामा घटिलाई वितरण भएको कारणबाट प्रगति घटि भएको पाइयो । अतः लक्ष्य बमोजिम प्रगति हासिल गर्न प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन हुनु पर्दछ ।

१.५ चौमासिक रुपमा वार्षिक कायंक्रम स्वीक.त गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले उपलव्ध गराएको बिबरण अनुसार खर्चको स्थिति विश्लेषण गर्दा वार्षिक खर्च रु.४१३६०९९.०० मध्ये तेस्रो चौमासिकमा रु ४१३६०९९.०० खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.४१३६०९९.०० खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र दुवैको प्रतिशत १०० प्रतिशत रहेको छ । तोकिएको समयमा कार्यक्रम सम्पन्न गर्न ध्यान जानुपर्ने देखिन्छ ।

२. **छात्रवृत्ति बढी निकासाः** शिक्षा विभाग कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को कार्यक्रम नं. ६.३.१.३.१ कक्षा १-८, ९-१० मा अध्ययनरत छात्राहरुका लागि छात्रबृत्ति बितरण गरी सोको बिवरण जि.शि.का. लाई उपलब्ध गराउने व्यबस्था छ । तर यस वर्ष यस कार्यालयले विद्यालयलाई छात्रवृत्तिको रकम निकासा गरेकोसंग बिद्यालयबाट पठाएको फ्ल्यास रिपोर्टसंग वितरण गरेको छात्रवृतिहरुको श्रेस्ता परीक्षणबाट छात्रबृत्ति निकासा गर्दा रु.१९,७००।- बढी निकासा गरेको देखियो । कार्यालयले बढि निकास भएको छात्रवृति रकम सम्वन्धित विद्यालयहरुबाट असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

३ **बढी ग्रेड :** शिक्षा नियमावली, २०५९ को नियम १२६ मा शिक्षकको वार्षिक तलवी विवरण पारीत गर्ने विद्यालय शिक्षक किताबखाना रहने उल्लेख छ । सोही बमोजिम कार्यालय अर्न्तगतका विद्यालयका शिक्षकहरुको बार्षिक तलवी प्रतिवेदन पारित भएको पाइयो । उक्त तलवी प्रतिवेदन अनुसार बिभिन्न शिक्षकहरुको ग्रेड रकम भिडान गर्दा तलवी प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी ग्रेड रकम निकासा भएको पाइएको बढी ग्रेड रकममा संचय कोष १० प्रतिशत थप समेत रु. ३७,९२८/- असूल गरी राजस्व दाखिला हुनुपर्दछ ।

४ **बढि निकासा:** शिक्षकको चौमासिक तलवभत्ता निकासा दिदा दोहोरो तथा बढी नहुने गरी निकासा दिनुपर्छ । अवकाश प्राप्त गर्ने शिक्षकहरुको अवकाश मितिलाई विचार गरी निकासा दिनुपर्छ । कार्यालयले बिभिन्न विद्यालयलाई चौमासिक निकासा दिंदा दुई प्रा.बि. शिक्षकलाई दोहोरो दशै खर्च निकाशा दिएको रु.३७,९७०/-, एक प्रा.शिक्षकलाई निज २०७२।१०।११ मा अवकाश भएकोमा पूरै निकाशा भएकोले अवकाशपछिको ४९ दिनको रु ३८७५५।- गरी रु. ७६,७२५।- बढी निकासा दिएको रकम असुल गर्नुपर्दछ ।

५ **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा लिएमा सेवा शुल्क भूक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम पारिश्रमीक कर कट्टा गर्नु पर्नेमा व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न स्रोत व्यक्तिलाई विभिन्न सामुदायिक अध्यायन केन्द्रहरुको अनुगमन प्रतिवेदन लेखन बापतको एकमुष्ठ भत्ता भूक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु. २२,५००/- कट्टा गरेको देखिएन । नियमानुसार अग्रिम कर कट्टा नगरेकोले असुल गरी दाखिला हुनुपर्दछ ।

६ **खरिद व्यवस्थापन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले बिभिन्न खरिद सम्बन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृती अनुसार आपूर्तीकर्ता, निर्माण व्यावसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी नियम ८५ को उपनियम १(क) बमोजिम ३ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र सोझै खरिद गर्दा मौजुदा सूचीबाट कम्तीमा ३ वटा फर्मको दररेट लिइ न्यूनतम कबोल गर्ने फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यसबर्ष नियमले तोकेबमोजिमको मौजुदा सूची तयार नगरी रु. २,८८,१०२।- का बस्तु तथा सेवा पटक पटक एउटै फमं संग समेत खरिद कार्य गरेको नियमित देखिदैन ।

७. **गाडी खरिद-** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) बमोजिम सम्झौताको शर्त अनुसार बोलपत्रदाताले त्रुटी सच्याउने अवधीसम्म म्याद रहेको कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिम खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ठेक्का व्यवस्था मार्फत लागत अनुमान रु.३४,९४,०००।- रहेको गाडी खरिद सम्बन्धि बोलपत्र उपर घटी कबोल गर्ने एक प्रा.लि.संग मुल्य अभिवृद्धी कर समेत रु. ३३,६५,०००।- मा मिति २०७३।३।२१ मा ३० दिनमा बस्तु आपूर्ती गर्ने गरी खरिद सम्झौता भई सन २०१६ सम्म म्याद रहेको रु. ३७,०२,०००।-को अग्रिम कार्यसम्पादन जमानत राखी दिइएको शतप्रतिशत पेश्की २०७३।४।२१ मा उक्त गाडी कार्यालयमा आपूर्ती भइ फछ्र्यौट गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

७.१ मोविलाइजेशन पेश्की बापत बढीमा २० प्रतिशत सम्म मात्र पेश्की दिन पाउनेमा सम्झौता रकम बराबर रु ३३,६५,०००।- पेस्की दिएको पाइयो । नियमको पालना नगरी बजेट फिज नगर्ने उद्देश्यले शत प्रतिशत रकम पेश्की दिँदा बित्तिय जोखिम बढी कानूनको उलंघन भएको पाइएकोले समयमै खरिद प्रक्रिया शुरु गरी आर्थिक बर्ष भित्र ठेक्का व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

७.२ यस ठेक्का व्यवस्थापनमा सम्झौता रकमको भुक्तानी दिंदा नियमानुसार मु.अ.कर रकम बाहेकको रकममा कट्टी गर्नुपर्ने ५ प्रतिशत ले हुने रु. १,४८,८९३।८१ कट्टी नगरी सम्पूर्ण रकम भुक्तानी गरेको पाइयो । यसबाट गाडीको वारेन्टी पिरियड भित्र त्रुटी सच्याउनका लागि कार्यालयसंग कुनै पनि धरौटी नभएकोले उक्त अबधिमा हुने जोखिम न्युनिकरण नहुने देखिएकाले नियमानुसारको धरौटी रकम रु. १,४८,८९३।८१ दाखिला गराउनु पर्दछ ।

८. **फ्रिज** : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्मा काम हुन नपाई केवल वजेट फिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्कि दिन नहुने उल्लेख छ ।

शिक्षा मन्त्रालयबाट २०७३।३।२१ मा सवैका लागि शिक्षा शिशु कार्यक्रम तर्फको सीप विकास तथा जनचेतना तर्फ रु.२३००००।०० अख्तियारी प्राप्त भई महालेखा नियन्त्रकको कार्यालयबाट २०७३।३।२७ मा निकासा प्राप्त गरी कार्यालयले २ कर्मचारीलाई रु.२,३०,०००।- पेश्कि दिएकोमा उक्त पेश्कि अर्को आ.व. ०७३।७४ मा मात्र बिभिन्न कार्यक्रम संचालन गरी फछ्र्यौंट गरेको देखियो । आर्थिक वर्षको अन्त्य सम्म स्वीकृत कार्यक्रम वमोजिम कार्यक्रम संचालन गर्नुपर्नेमा पछिल्लो आर्थिक वर्षमा कार्यक्रम संचालन गर्नाले सम्वन्धित आर्थिक वर्ष भित्र खर्च गरी बाँकी रकम फ्रिज गर्नुपर्ने व्यवस्थाको पालना नभएको र वजेट फ्रिज नगर्ने उद्देश्यले पेश्कि दिई खर्च गरेको पाइयो ।

९ **भरपाई वेगर पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्कि रकमको विल भरपाई सहितको विवरण प्राप्त भएपछि कार्यालयले फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । अनौपचारीक शिक्षा कार्यक्रम तर्फ सामुदायिक अध्यायन केन्द्रहरुको सहभागीहरुको मूल्यांकन तथा प्रमाण-पत्र व्यवस्थापनको लागी श्रोत व्यक्तिलाई श्रोत केन्द र अनुमानीत सहभागी संख्याको अधारमा प्रति सहभागी रु ४० को दरले पेश्कि दिई फछ्र्यौट गर्दा सहभागीको प्रमाणपत्र बुझेको भरपाई राखेको पाइएन । अनुमानित सहभागीको संख्याको आधारमा प्रमाण पत्रको विल राखी भरपाई वेगर पेश्कि फछ्र्यौट भएको रकम रु.३५,४००/- असूल हुनु पर्दछ ।

१० **बढी भत्ता भूक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) यस नियमाली बमोजिम खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । अनौपचारीक शिक्षा कार्यक्रम तर्फको एक वि.नि.ले जिल्लाका गैरसरकारी संघसंस्था र अन्य निकाय संग छलफल कार्यक्रममा सहभागी हाजिर ३२ जनाको राखी ४२ जनाको भत्ता भूक्तानी गरेको देखियो । बिभिन्न १२ व्यक्तिहरु कार्यक्रमामा सहभागी भएको नदेखिएकोले कर कट्टि गरी बुझाएको रु.४,०८०/- असूल गरी दाखिला गर्नु पर्दछ ।

११. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रमतर्फ विद्यालयलाई सर्सत चालू अनुदानको रकम विल भरपाई वेगर प्रयोगशाला सामग्री खरिद भनि रु २४,००,०००।०० निकासा गरेको पाइयो । विल भरपाई बेगर खर्च लेखेको रकम सम्बन्धित कार्यमा नै खर्च भयो भन्ने आधार प्रमाण भएको नदेखिएकोले रु.२४,००,०००/- सम्बन्धित कार्यमा खर्च भएको पुष्टाई हुने प्रमाण तथा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने अन्यथा सम्वन्धित निकायबाट असूल गरी राजस्व खातामा दाखिला हुनु पर्दछ ।

१२ **कर दाखिला** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर लाग्ने कुनै रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक शाखा अधिकृतले सामुदायिक विद्यालयको क्षमता अभिबृद्धि कार्यक्रम अन्तरगत प्राविधिक तथा व्यावसायिक शिक्षा सम्वन्धित जिल्ला कार्यान्वय समिति वैठकको भत्ता भूक्तानी गरी कर कट्टि गरेको रकम रु २२५०।०० दाखिला नगरेको र बिभिन्न ३ व्यक्तिलाई भत्ता वितरण गर्दा भरपाई वेगर भूक्तानी गरेको रकम रु २५५०।०० गरी जम्मा रु४८००।०० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्दछ ।

१३. **विल भरपाई वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राखनु पर्ने व्यवस्था छ । विद्यालय सुधारको लागि कोठा निर्माण, मेशिनरी औजार खरिद, ल्यावको समान खरिद जस्ता समाग्री खरिदको लागि कार्यालयले

यस वर्ष बालविकास प्रा.वि लोप्राँ वेथानलाई बिद्यालयको खातामा रकम निकासा गरेको देखियो । सो विद्यालयले कुनै पनि खर्चको विल भौचर पेश नगरेकोले सो कार्यमा खर्च भयो भएन एकिन हुने आधार देखिएन । साथै लेखापरीक्षणको समयसम्म कार्यालयले अनुगमन प्रतिवेदन समेत पेश नगरेकोले सो रकम रु.३,००,०००/- खर्च गरेको प्रमाण तथा अनुगमा प्रतिवेदन समेत पेश हुनु पर्ने अन्यथा सम्वन्धित विद्यालयबाट असुल हुनु पर्दछ ।

१४ **निर्माण कार्यसम्पन्न नभएको :** कर्यक्रम कार्यान्वयन निर्देशिका (आ.व. ०७२।७३) मा पहिलो वर्ष सञ्चालन हुने र गत आ.व. को क्रमागत निर्माण कार्य समेत संभ्मौता भएका विद्यालयहरुको तोकिएको काम सम्पन्न भएपछि पहिलो, दोश्रो किस्तामा रकम निकासा दिने उल्लेख छ । यो वर्ष संभ्मौता भएका र क्रमागत भवन निर्माण, मर्मत तोकिएको काम सम्पन्न हुनु अघि निकासा दिएको पाइयो । समयमै काम सम्पन्न नहुदा निर्माण कार्य गुणस्तरीय नहुने र लागतमा समेत बृद्धि हुने भएकोले निर्देशिकामा तोकिएको व्यवस्था अनुसार रकम निकासा हुनुपर्छ । बिभिन्न विद्यालय भवन निर्माण तथा मर्मत कार्यको लागि रु.२०,६२,०००/- निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले यथाशिघ्र कार्यसम्पन्न गरी निर्माण सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

**१५ कार्य सम्पन्न प्रतिवेदन :** प्रधानमन्त्री दैवी प्रकोप राहत कोष कार्यक्रम अन्तर्गत जिल्ला शिक्षा कार्यालय र विद्यालय ब्यबस्थापन समितिसँग सम्झौता गरी विद्यालयलाई उपलब्ध गराइएको अनुदानबाट सम्पन्न कामको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराई विद्यालय र जिल्ला शिक्षा कार्यालयमा राख्ने ब्यबस्था मिलाउनु पर्दछ । कार्यायलले विद्यालयलाई उपलब्ध गराएको रकम रु. ६,९०,०००/- बाट सम्पादित कार्यको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणको समयमा पेश नगरेकाले सम्बन्धित पदाधिकारीहरुबाट प्रमाणित गराई नापी किताब र कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **बजेट बाँडफाँड** : विद्यालयको माग र आवश्यकतानुसार बजेट बाँडफाँड हुनु पर्दछ । कार्यालयले प्रधानमन्त्रि दैवी प्रकोपउद्धार कोषबाट आएको अन्य संस्था तथा व्यक्तिलाई पूजिगत अनुदान भनि आएको रु.९५५१०००।०० वजेट मिति २०७२ फागुन ५ गते १३ जनाको मिटिङ्ग वसी कुनै पनि आधर नवनाई प्रा.वि स्कुल देखि उ.मा.वि सम्म भवन निर्माणको लागि ११ विद्यालयलाई रु.५,५०,०००।०० को दरले रु.६०,५०,०००।००, भवन मर्मत भनि ८ विद्यालयलाई रु.१,५०,०००।०० को दरले रु.१२,००,०००।०० र फर्निचर भनि फरक फरक रकम १७ विद्यालयलाई रु.२३,०१०००।०० गरी जम्मा रु.९५,५१,०००।०० वाडफाड गरीएको छ । विद्यालयहरुको आवश्यकता नहेरी हचुवाको भरमा रकम बाड्दा रकमको सहि सदुपयोय हुन्छ भन्ने आधार देखिएन । कार्यालयले भोलिका दिनमा यसरी आउने वजेटलाई एउटा निश्चित आधार वनाई रकम विनियोजन गर्नुपर्ने देखिन्छ ।

१७ **श्रेस्ता पेश नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा कार्यालय प्रमुखले महालेखापरीक्षकको कार्यालयबाट तोकीएवमोजिम लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । शिक्षक सेवा आयोग सानो ठिमिको परीपत्रको च.नं. १७७० र मिति ०७२।१०।२९ अनुसार कार्यक्रम सम्पन्न गरी रु.१,९९,५,४२।- को सक्कल श्रेता सम्वन्धित कार्यालयमा पठाउनु भनि लेखि आए वमोजिम सक्ल श्रेस्ता सम्वन्धित निकायमा नै पठाएकोले श्रेस्ता पेश नभएको कारणबाट लेखापरीक्षण हुन सकेको छैन ।

१८ **स्थलगत निरीक्षण** : मन्थली माध्यमिक विद्यालय, मन्थली को समाहित शिक्षा र दलित, अपाङ्ग,सिमान्तकृत छात्रछात्रा बृत्तिको स्थलगत अनुगमन समाहित शिक्षा तर्फको ८ विद्यार्थीलाई मासिक २८०००।०० का दरले भत्ता रु२,२४,०००।०० खर्च लेखेको जिल्ला शिक्षा कार्यालयबाट देखिन्छ। सो विद्यालयमा २०७२ श्रावण देखि २०७२ चैत्र सम्मको हाजिर पेश नभएकोले विद्यार्थीहरु वर्षै भोरी हाजिर रहेको आस्वस्तता हुन सक्ने अवस्था रहेन। अतः सबै केन्द्रको यथार्थ स्थितिको अनुगमन गरी सोको प्रमाण पेश हुनु पर्दछ। मन्थली माध्यमिक विद्यालयको कक्षा १ देखि १० सम्मको सिमान्तकृतको निकासा गएको रकम र विद्यार्थीले बुझेको भरपाई परीक्षण गर्दा बिभिन्न कक्षाहरुमा विद्यार्थी संख्या कम देखिएकोले रु.५,९००/- विद्यालयले दाखिला गर्नु पर्ने देखिन्छ।

१९ **अनुगमन लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९९ मा बेरुजु फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार २०७१।०७२ को बेरुजु रु २९७६४९५१।१८ रहेको देखिन्छ। सो बेरुजु मध्ये रु २०५८७७२०।०० फछ्र्यौट भई बांकी रु ९१७७२३१।१८ बेरुजु देखिन्छ। बेरुजु फछ्र्यौट नहुँदा आर्थिक नियमितता कायम राख्ने विषयमा असर पर्ने देखिन्छ। नियममा भएको व्यवस्थाको कार्यान्वयन गरी बाँकी बेरुजु फछ्र्यौट हुनु पर्दछ।

## स्थानीय विकास कोष समितिको सचिवालय

१ **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा उल्लेख भएको कार्यविधि पालना गरी सरकारी रकम खर्च गर्नु पर्ने व्यवस्था भए अनुरुप खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको जस्ता व्यहोराहरु देखिएका छ्। यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

२ **अनुगमन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी जि.वि.स. रामेछापले स्थानीय विकास कोष स्थापना र संचालन विनियमावली, २०५८ जारी गरी स्थानिय विकास कोषको स्थापना र सन्चालन गरेको छ। यस कोषको सचिवालय अर्न्तगत जिल्लाका ३२३ वटा गाउ विकास समितिमा गठन भएका सामुदायिक संस्थाहरुमा रुपान्तरणीय सामाजिक परीचालन, गरीवसंग विश्वेश्वर कार्यक्रम र गरीवी निवारण कोष जस्ता समुदायमा आधारीत गरीवी न्यूनिकरण कार्यक्रम सन्चालन भइरहेको अवस्था छ। गत विगत बर्षहरुमा स्थानिय विकास कोष अर्न्तगत गाविसमा गठन भएको समुहमा प्रवाह भएको ऋणपूँजी तथा वीउपूँजी रकमको परिचालन अवस्थाको नियमीत अनुगमन निरीक्षण तथा भए गरेको वितीय तथा भौतिक प्रतिवेदन पेश भएको देखिएन।

३ **वार्षिक लक्ष्य प्रगति** : कार्यालयले आफ्नो लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नु पर्दछ। कार्यालयबाट पेश भएको प्रगती विवरण अनुसार कुल १७ कार्यक्रम मध्ये १७ कार्यक्रमको ७५ प्रतिशत सम्म प्रगती भएको विवरण पेश गरेको छ। प्रगती उच्च गर्नेर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४ **ऋणपूजी लगानी सम्बन्धमा** : विभिन्न गा.वि.स.का सामुदायिक विकास कोष तथा सामुदायिक संस्थाको नाममा ऋणपूजी लगानी भएकोमा यस आर्थिक वर्षसम्मको साँवा रु २७,७०,९४९।६६ रहेको र सो मा

नियमानुसार लाग्ने ब्याज गणना गरिएको छैन । लगानी तथा हस्तान्तरण रकमको प्रभावकारी अनुगमन गर्नुका साथै ब्याज गणना गरी नियमानुसार असुल हुनु पर्दछ ।

## आवास तथा शहरी विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्था मूल्यांकन गर्दा वार्षिक खरिद योजना नबनाएको, समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा ब्याज लिने नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था भएकोमा कार्यान्वयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नभएको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको र निजामती सेवा ऐन, २०४९ को दफा ७(२)ख अनुसार तलवी प्रतिवेदन पारीत नगरी तलव खर्च नलेखेको जस्ता व्यहोराहरु देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छः

२. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्ने व्यवस्था छ । तालुक विभागबाट कार्यालयलाई २ कार्यक्रममा नियमले तोकेको सिमा भन्दा ढिलो गरी शुरु अख्तियारी पठाएको र आषाढ महिनामा मात्र रु. ६३ लाख १६ हजारको अख्तियारी पठाएको देखियो । लागत अनुमान स्वीकृति, ठेक्कापट्टा व्यवस्थापन, खरिद सम्झौता लगायतका सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु समयमा हुन सकेको देखिएन । नियममा व्यवस्था भए अनुसार तालुक कार्यालयबाट समयमै अख्तियारी प्राप्त गरी कार्यक्रम सम्पन्न गर्नुपर्ने देखियो ।

३ **घटी असूल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम संझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रतिदिन संझौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारीत क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ। जिल्ला स्वास्थ्य कार्यालयको ४ परीवार क्वार्टर भवन निर्माण कार्यको ठेक्का म्याद २०७०।१२।१ देखि २०७३ मंसीर मसान्ततक कूल अवधि मध्ये ३० दिन हर्जना लिई २०७३।२।६ मा महानिर्देशकवाट म्याद थपको निर्णय गरेको पाइयो । उक्त निर्णय बमोजिम निर्माण व्यवसायी सेवासंग ३० दिनको पूर्वनिर्धारीत क्षतिपूर्ति प्रतिदिन संझौता रु ४८६३३९०।२९ को शून्य दशमलव शून्य पाँच प्रतिशतले हुने रु २४३१।७० ले रु ७२९५१।- असूल गर्नुपर्नेमा रु ७२९६।- मात्र असूल गरेको पाइएकोले घटी असूल भएको रु ६५६५५।- राजस्व दाखिला हुनु पर्दछ ।

४ **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) ख मा खरिद संझौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भूक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भूक्तानी गर्नुपर्ने उल्लेख छ । स्वास्थ्य चौकी साँघुटारको भवन निर्माणको तेश्रो रनिङ विल रु २०९०८७४।०० निर्माण व्यवसायी सुन कोशी कन्स्ट्रक्सनलाई भूक्तानी भएको पाइयो । सो मध्ये आइटम नं. ६ फ्रेमवर्कको काम नापि अनुसार १४.८ स्क्वायर मिटर परिमाण (डिडक्शन स्टेयर ओपनिङ्ग) घटाई ३४०.६८ स्क्वार मिटरको भूक्तानी गर्नुमा ३५५.४८ स्क्वार मिटरको भूक्तानी गरेको पाइयो । नापी भन्दा बढी परीमाण १४.८ स्क्वायर मिटरको प्रति स्क्वायर मिटर रु ७००।०० ले रु १०३६०।०० को मू.अ. कर थप समेत असूल हुनु पर्दछ ।

५ **घटी हर्जना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाईको कारणवाट खरिद संझौता बमोजिमको काम तोकिएको म्याद सम्पन्न हुन नसकेमा संझौता रकमको प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारीत क्षति पूर्ति दिनुपर्ने उल्लेख छ । जिल्ला स्वास्थ्य कार्यालयको भवन निर्माण काम निर्माण व्यवसायि खानी निर्माण सेवाको ढिलाईको कारणबाट २०७१।१२।१ देखि २०७१ चैत्र मसान्ततक ३० दिनको हर्जाना लिने महानिर्देशकबाट २०७१।७।११ मा निर्णय भएको थियो । अन्तिम विलको रकम भूक्तानी गर्दा २६ दिनको मात्र संझौता रु ३५१००७२८ असूल गरेको छ । निर्णय अनुसार ३० दिनको हर्जना रु ४०५००८।४० असूल गर्नु पर्नेमा ४ दिनको छुट रु ५४००१।१२ असुल हुनुपर्छ ।

६ **विमा बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम  खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । सामुहिक आवास भवन निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई बिमाको रु. ३६,३२६।४२ भुक्तानी गरेको पाइयो । बिमाको रकम भुक्तानी भएकोमा बिमा गरेको प्रमाण पेश नभएकोले रु. ३६,३२६।४२ बिमा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

७ **आकस्मिक सहायता कार्यक्रम:** भूकम्प आकस्मिक सहायता कार्यत्रमको लागि सामूहिक आवास भवन निर्माण गर्न २०७३।२।११ मा पठाएको रु १ करोड ५७ लाख  ५० हजारको अख्तियारी आर्थिक वर्षको अन्त्यमा प्राप्त भएकोले रु ७१४५४४५।०० मात्र खर्च भएको छ। सो खर्चबाट एक महिनाको अवधिभित्र ८ परीवारलाई हुने २ वटा र एउटा  १६ यूनिट सामूहिक आवास भवन (सेल्टर) निर्माण भएको पाइयो । ती सामूहिक आवास भवन एउटा रामेछाप र २ वटा मन्थलीमा रहेको छ । भूकम्पबाट पिडित परिवारको लागि छोटो अवधिमा निर्माण सम्पन्न भएका उक्त अस्थायी प्रकृतिका सेल्टरहरुमा भूकम्पबाट पीडित परिवार बसेको स्थलगत निरीक्षणबाट देखिएन । जुन उद्देश्यको लागि सेल्टर तयार भएको हो सोही प्रयोजनको लागि उपयोग नभइ सभा समारोह, कार्यक्रम संचालन गर्ने हलको रुपमा प्रयोग गरेको पाइयो । सो सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानुपर्छ ।

८ **असुली**: आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ। एक निर्माण कार्यको भूक्तानी गर्दा बढी भूक्तानी भएको रकम रु ५,०१७५० र अग्रिम कर रु. १,०००।- समेत रु. ६,०१७५० असूल गर्नु पर्ने रकम असुल भएको छैन ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ३३ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र २ कार्यालयको जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २२ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २९ मध्ये निम्न ७ कार्यालयको रु.१,०७,२०,०९१।- बेरुजू बाकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १. | जिल्ला वन कार्यालय | ३२९१५२४ | म्याद भित्र पेश्की फछ्र्यौट नगरेको–लेखनाथ आचार्य | ९१५० |
| | | ३२९१०६४ | निसन्दा कन्स्ट्रक्शन – निर्माण पेस्की | ३३०००० |
| | | ३२९१०६४ | कडरिया निर्माण सेवा – निर्माण पेस्की | १९९३५२ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | २१६१०१४ | गजुरमुखी सिद्धगढी जे.भी. भवन निर्माण पेस्की | १८४०००० |
| ३. | सिंचाइ विकास डिभिजन | ३५७१२७४ | अमर/जगदम्बा जे.भी. म्यादभित्र पे.फ. नगरेको | ८२५००० |
| | | | अकेला निर्माण सेवा म्यादभित्र पे.फ. नगरेको | १२३०००० |
| | | ३५७१०८४ | बबई एण्ड लामा म्याद भित्र पेश्की फछ्र्यौट नगरेको | ४२७००० |
| | | | बबई एण्ड लामारसिद्धगढी जे.भी | ६१३६०० |
| ४. | जिल्ला कृषि विकास कार्यालय | ३१२८०५३ | पारिश्रमिक तथा अग्रिम कर कट्टा नगरेको | १९२५७ |
| | | ३१२८०५३ | बढी भत्ता भुक्तानी भएको | २८६०० |
| | | ३१२११४३ | कर कट्टी छुट तथा बढी भुक्तानी | १६८४३ |
| | | ३९११०५३ | सामाजिक सुरक्षा कर छुट देखिएको | ७४४ |
| | | ३१२१०८३ | संयोजक भत्ता बढी भुक्तानी | २५५० |
| | | ३१२१४१३ | पारिश्रमिक तथा अग्रिम कर कट्टा नगरेको | २१६२५ |
| ५. | मालपोत कार्यालय | ३३६१०१४ | म्याद भित्र पेश्की फछ्र्यौट नगरेको | १९९९९७० |
| ६. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ३०५०१५४ | कन्काइ/थापा जे.भी.को भवन निर्माण पेश्की बाँकी | ३१५०००० |
| ७. | महिला तथा बालबालका कार्यालय | ३४०८०२३ | पारिश्रमिक कर कट्टा नभएको | ६४०० |
| | | | **जम्मा** | १०७२००९१ |

**(उद्धवचन्द्र श्रेष्ठ)**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि : विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | शहरी विकास तथा डिभिजन कार्यालय | ७६८० | १ | १२ | ० | ७६९३ |
| २. | जिल्ला विकास समिति | ० | ० | ० | २२३३९ | २२३३९ |
| ३. | जिल्ला शिक्षा कार्यालय | ७४१४ | ११८ | ० | ११३ | ७६४५ |
| ४. | जिल्ला स्वास्थ्य कार्यालय | १६२९ | ४ | ६ | ५६ | १६९५ |
| ५. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ७८ | ७८ |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २२१६ | ३ | १०२ | २० | २३४१ |
| | **जम्मा** | **१८९३९** | **१२६** | **१२०** | **२२६०६** | **४१७९१** |

**लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत | १५० | १५ | ४३ | ० | २०८ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ६३ | ० | ३ | ० | ६६ |
| ३. | कृषि विकास कार्यालय | ६३० | ० | ० | २ | ६३२ |
| ४. | जिल्ला प्रशासन कार्यालय | १२३ | १७२ | १६ | ० | ३११ |
| ५. | राष्ट्रिय अनुसन्धान कार्यालय | ४४ | ० | ० | ० | ४४ |
| ६. | इलाका प्रहरी कार्यालय,चोप्राङ्ग | २०१ | ० | ० | ० | २०१ |
| ७. | जिल्ला भू-संरक्षण कार्यालय | २१९ | ० | २ | ० | २२१ |
| ८. | नापी कार्यालय | ५७ | ७ | ० | २ | ६६ |
| ९. | नन्दा बक्स गण | २१९५ | १५ | ३५ | ० | २२४५ |
| १०. | सिँचाइ डभिजन कार्यालय | २६० | १ | १२ | ० | २७३ |
| ११. | जिल्ला निर्वाचन कार्यालय | ४२ | ० | ० | ० | ४२ |
| १२. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १५३ | ४८८ | ४ | ० | ६४५ |
| १३. | पशुसेवा कार्यालय | ३७५ | १ | ५ | ० | ३८१ |
| १४. | जिल्ला प्रहरी कार्यालय | ९२३ | ३२ | ११ | ० | ९६६ |
| १५. | कारागार कार्यालय | १५० | ० | २ | ० | १५२ |
| १६. | मालपोत कार्यालय | २५२ | ११४ | १९ | २१७ | ६०२ |
| १७. | महिला तथा बालबालिका कार्यालय | १९७ | ० | ० | २४ | २२१ |
| १८. | भुकम्पीय आवास पुनर्निर्माण आयोजना | २ | ० | ० | ० | २ |
| १९. | जिल्ला प्राविधिक कार्यालय | २६५ | २ | १८ | ० | २८५ |
| २०. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ५० | ० | ० | ० | ५० |
| २१. | ईलाका प्रशासन कार्यालय, लाप्चेन प्रिती | ६ | ० | ० | ० | ६ |
| २२. | जिल्ला वन कार्यालय | ४७६ | ४ | १४ | ० | ४९४ |
| २३. | जिल्ला हुलाक कार्यालय | ३७२ | ११ | १ | १ | ३८५ |
| २४. | घरेलु तथा साना उद्योग विकास समिति | ९३ | २१ | ० | ४ | ११८ |
| २५. | ईलाका प्रहरी कार्यालय, धोबीडाँडा | १६४ | ० | ० | ० | १६४ |
| २६. | ईलाका प्रहरी कार्यालय, टोकरपुर | १५८ | ० | ० | ० | १५८ |
| २७. | मन्थली रामेछाप सडक योजना | ३७४ | ० | ० | २७६ | ६५० |
| २८. | भुकम्प आपतकालिन सहायता आयोजना | ५ | ० | ० | ० | ५ |
| २९. | अस्पताल विकास समिति | ० | ० | ० | ६१ | ६१ |
| | **जम्मा** | ७९९९ | ८८३ | १८५ | ५८७ | ९६५४ |
| | **कूल जम्मा** | ***२६९३८*** | ***१००९*** | ***३०५*** | ***२३१९३*** | ***५१४४५*** |

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | समायोजनबाट मिलान | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | ३१५० | ० | - | १ | ० | ० | ३१५० | ३१५० | ० | - | ० |
| २. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १४ | २२९४८ | १ | - | १३ | १२६ | १६५९५ | ६२२७ | २२९४८ | १९२ | - | १९२ |
| ३. | जिल्ला कृषि विकास कार्यालय | ६ | ८९ | ० | - | ६ | ४० | ४९ | ० | ८९ | ० | - | ० |
| ४. | जिल्ला वन कार्यालय | १ | ५३८ | ० | - | १ | ० | ० | ५३८ | ५३८ | ० | - | ० |
| ५. | जिल्ला विकास समिति | ९८ | १९३५९० | १६ | - | ८२ | ३४१८ | ९१७१७ | ९८४५५ | १९३५९० | ३०४ | - | ३०४ |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय | १ | १८४० | ० | - | १ | ० | ० | १८४० | १८४० | ० | - | ० |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय | ३६ | ७०८४ | ८ | - | २८ | २९० | ६१०७ | ६८७ | ७०८४ | १३ | - | १३ |
| ८. | जिल्ला शिक्षा कार्यालय | १९ | ६७१६ | ० | - | १९ | २०७ | ६५०९ | ० | ६७१६ | ७५ | - | ७५ |
| ९. | महिला तथा बालबालका कार्यालय | २ | ६ | ० | - | २ | ६ | ० | ० | ६ | ० | - | ० |
| १०. | मालपोत कार्यालय | १ | २००० | ० | - | १ | ० | ० | २००० | २००० | ० | - | ० |
| ११. | सिँचाइ विकास डिभिजन कार्यालय | १ | ३०९६ | ० | - | १ | ० | ० | ३०९६ | ३०९६ | ० | - | ० |
| १२. | स्थानीय विकास कोषको सचिवालय | ४ | ० | ० | - | ४ | ० | ० | ० | ० | ० | - | ० |
| १३. | शहरी विकास तथा डिभिजन कार्यालय | ११ | २९०७ | ३ | - | ८ | ८३ | ० | २८२४ | २९०७ | ० | - | ० |
| | **जम्मा** | **१९५** | **२४३९६४** | **२८** | - | **१६७** | **४१७०** | **१२०९७७** | **११८८१७** | **२४३९६४** | **५८४** | - | **५८४** |

**द्रष्टव्य :** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| क्र.सं. | आय विवरण | रकम | | व्यय विवरण | रकम | |
|---|---|---|---|---|---|---|
| १. | गत सालको जिम्मेवारी | | ८७८६४३०९.५० | जम्मा वजेट खर्च | | |
| २. | गतबर्षको फिज गर्नु पर्ने रकम अ.ल्या | | २६४१३२७.७५ | केन्द्रीय अनुदान: | | ९५३५२७७०५.६५ |
| ३. | केन्द्रीय अनुदान: | | ९५७९९४११३.६५ | क. चालु तर्फ | ५५३०९१११९.४० | |
| ४. | क. चालु तर्फ | ५५३०९१११९.४० | | ख. पुँजीगत तर्फ | ४००४३५९८६.२ | |
| ५. | ख. पुँजीगत तर्फ | ४०४९०२९९४.२ | | | | |
| ६. | कन्टेजेन्सी | | ६३९९३७.०० | आन्तरिक कोष चालु/पुँजीगत | | १०९०५४३३.३९ |
| ७. | कर्मचारी कल्याण कोष | | ३२८१४०२.४४ | धरौटी (जिविस तर्फको) | | २३६३५७७.८२ |
| ८. | सडक बोर्ड नेपाल | | ३४४२५५४.०० | धरौटी (ड्रिल्प तर्फको) | | ११३७०७४.०० |
| ९. | नेपाल पर्यटन बोर्ड | | १६५००००.०० | राजश्व (जिविस तर्फको) | | ४२१३०४४.०२ |
| १०. | आन्तरीक कोष | | ११२८८५५८.४४ | राजश्व (ड्रिल्प तर्फको) | | १५३९१०.०० |
| ११. | क. कर दस्तुर सेवा शुल्क | ५३४५५६१.७४ | | ख-६ समूह विविध खाता | | २७७४६९६.०० |
| १२. | ख. राजश्व वाँडफाँडवाट | ५१५५४९६.७० | | सडक बोर्ड नेपाल | | ३७२३०७७.०० |
| १३. | ग. एलजिसिडीपी सापटी | ७८७५००.०० | | नेपाल पर्यटन बोर्ड | | २८६९०५.०० |
| १४. | प्रकोप व्यवस्थापन कोष | | ६५००००.०० | कर्मचारी कल्याण कोष | | १०७९८००.०० |
| १५. | मर्मत सम्भार विशेष कोष | | १७५००००.०० | प्रकोप व्यवस्थापन विशेष कोष | | १०१२५०.०० |
| १६. | महिला तथा वालवालिका विशेष कोष | | ८९९२८५.३५ | गतको छुट बहाल कर दाखिला | | ८६१८.०० |
| १७. | गरिवि निवारण तथा सा.प. विशेष कोष | | १५३५६८.०० | सडक मर्मत सम्भार विशेष कोष | | ३७९०००.०० |
| १८. | वातावरणिय व्यवस्थापन कोष | | १५०००००.०० | जिल्ला अनुदान सहयोग | | ४९८०३६६.०० |
| १९. | मानव संशाधन कोष | | ९९८२१२.८४ | सामाजिक सुरक्षा कार्यक्रम | | ५९००४०००.०० |
| २०. | स्थानीय विकास कोष | | २०००००.०० | ग्रामीण उर्जा विकास कार्यक्रम | | १४०६०३८.०० |
| २१. | जिल्ला अनुदान सहयोग | | ७४४८५००.०० | मन्थली उ.मा.वि.भवन निर्माण | | २२८५९३२.०० |
| २२. | सामाजिक सुरक्षा | | -७५५१०००.०० | ५ वर्ष मुनिका बालावालिका | | ६३९००११५.०० |
| २३. | ग्रामीण उर्जा विकास कार्यक्रम | | २०१४००८.०० | भुकम्प प्र. आवास लगत संकलन ग्ल्इएक | | ४९६३१४२.०० |
| २४. | मन्थली उमावि भवन निर्माण | | २१८४१७५.०० | दलित वर्ग उत्थान विकास समिति | | १००.०० |
| २५. | ५ वर्ष मुनिका वालवालिका | | ९६७५७४८६.०० | गरिबी निवारण कोष | | ४७०००.०० |
| २६. | भुकम्प आवास लगत संकलन | | ४९६३१४२.०० | कन्टेजेन्सी | | ४९४०६०.०० |
| २७. | दलित वर्ग उत्थान विकास समिति | | ५०००००.०० | गत आ.व.को फ्रिज रकम | | २६४१३२७.७५ |
| २८. | गरिबी निवारण कोष | | २०००००.०० | विभिन्न ५ वटा खाताको रकम ट्रान्सफर | | १४६३२७८.५९ |
| २९. | ख-६ समूह विविध खाता | | ३७९६८७५.०२ | **श्रेस्ता अनुसार मौज्दात** | | ७०७५०८२८.७९ |
| ३०. | धरौटी (जिविस तर्फको) | | २८६७४०९.०० | | | |
| ३१. | धरौटी (ड्रिल्प तर्फको) | | १४३८८६१.०० | | | |
| ३२. | राजश्व (जिविस तर्फको) | | ४२१३०४४.०२ | | | |
| ३३. | राजश्व (ड्रिल्प तर्फको) | | १५३९१०.०० | | | |
| | **जम्मा :** | | **११९२५८९६७९.०१** | **जम्मा** | | **११९२५८९६७९.०१** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री मधु पोखरेल | श्री कमल गौतम |
| २. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री लोक बहादुर चौलागाँई | श्री श्री हिमाला खत्री |
| ३. | जिल्ला कृषि विकास कार्यालय | श्री केशव देवकोटा र श्री राजिन्द्र मल्ल | श्री श्रवण कुमार जैसी |
| ४. | जिल्ला वन कार्यालय | श्री केदारनाथ पौडेल | श्री तेज के.सी. |
| ५. | जिल्ला विकास समिति | श्री दिनेशराज पन्त | श्री भरत कुमार के.सी. |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय | श्री अच्युत कुँइकेल र बासुदेव लम्साल | श्री श्यामकृष्ण दाहाल |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय | श्री प्रकाश प्रसाद शाह | श्री गणेश प्रसाद घिमिरे |
| ८. | जिल्ला शिक्षा कार्यालय | श्री दिनानाथ गौतम | श्री टेकेन्द्र कार्की |
| ९. | महिला तथा बालबालका कार्यालय | श्री शुशिला वाग्ले | श्री राजन पराजुली |
| १०. | मालपोत कार्यालय | श्री राजराजेश्वर त्रिवेदी | श्री उमा कार्की |
| ११. | सिँचाइ विकास डिभिजन कार्यालय | श्री हरिराम श्रेष्ठ | श्री कमल गौतम |
| १२. | स्थानीय विकास कोषको सचिवालय | श्री दिनेशराज पन्त/ श्री ज्योती प्रसाद सुबेदी | श्री दिल कुमार मानन्धर |
| १३. | शहरी विकास तथा डिभिजन कार्यालय | श्री अमर बहादुर थापा | श्री प्रमोद घिमिरे |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np